
बौद्ध मासिक

# धर्म चक्षु



धर्म संघ बुद्ध विहार

# DHARMA CHAKSHU

मुल्य रु. १५/-

# बधाई तथा शुभकामना



मोहरियाटोल स्थित कञ्चन आभूषणका संस्थापक तथा धर्म संघ बुद्ध विहारका पूर्व अध्यक्ष श्री वेदमान गुभाजू त्यस विहारको प्रतिष्ठा पूजा तथा पुनर्निर्मित विहारको उद्घाटन समारोहमा अभिनन्दित हुनु भएकोमा हामीलाई धेरै खुशी लागेको छ । यस उपलक्ष्यमा हामी अभिनन्दित व्यक्तित्व श्री वेदमान गुभाजूमा हार्दिक बधाई ज्ञापन गर्दछौं र उहाँको सुख, सु-स्वास्थ्य र उत्तरोत्तर उन्नति र प्रगतिको लागि मङ्गलमय कामना गर्दछौं ।

१) राजेन्द्र शाक्य
२) भोजराज शदाशंकर
३) राजेन्द्र घतार्ने
४) श्याम खड्का
५) टपन सरकार
६) निमाई दाश
७) अमित दाश
८) बाप्पा कूण्डु
९) विश्वजित कूण्डु
१०) अमृत घिमिरे
११) महलाल सुन्चेउरी
१२) किशन घिमिरे
१३) राजेन्द्र सुन्चेउरी
१४) आसाकाजी बज्राचार्य
१५) खेम बहादुर खाती
१६) कृष्ण पौडेल
१७) हरि गहतराज
१८) दिपेन्द्र बज्राचार्य
१९) अनिल लोहनी
२०) भक्त गदल
२१) सूर्य गहतराज
२२) मानकाजी शाक्य

**कञ्चन आभूषण**
**मोहरिया टोल, पोखरा**

# धर्म चक्षु

THE DHARMA CHAKSHU
A Buddhist Monthly
Pokhara, Nepal

**December : 2002**

धर्मशिला बुद्ध विहार, पोखरा

वर्ष - ६, अङ्क ५, पूर्णाङ्क - २२

योमरी पुन्ही, मंसिर र पुस २०५९

**प्रकाशक/प्रधान सम्पादक**

भिक्षु श्रद्धानन्द, फोन नं :- २०५१७

**सम्पादक**

तिलकमान गुभाजू

**व्यवस्थापक**

अनागारिका कर्मशिला
(संस्थापिका, धर्मशिला विद्वत वृत्ति)

**सह व्यवस्थापक**

युवा बौद्ध संघ
(विकाशरत्न शाक्य, चेतन सिं ताङ्वे, बलराम लामा)

**सहयोगीहरु**

याम कुमारी गुरुङ्ग, बलबहादुर अधिकारी, सनकमान सी.के.

**सम्पर्क कार्यालय**

१४४ - नयाँ बजार, पोखरा - ८
फोन नं. :- २०२४६

**कम्प्यूटर सेटिङ्ग**

मिन नारायण श्रेष्ठ

**मुद्रण**

हिमालयन अफसेट प्रेस
नयाँ बजार, पोखरा


सम्पादकीय.........................

## बौद्ध अर्घौ सदनको उन्नति र प्रगतिको कामना

पोखरामा बुद्धधर्मको विकासको क्रममा तथा गुरुङ्ग जातिको संस्कार र परम्पराको सुधारको क्रममा बौद्ध अर्घौं सदनले महत्वपूर्ण भूमिका खेलेको छ । पहिले गुरुङ्गहरु अस्पतालमा मर्दा पर्दा स्वजातीय मानिसको अभावमा के गरौं र कसो गरौं भएर ज्यादै अप्ठेरो स्थितिको सिर्जना हुन्थ्यो भने बौद्ध अर्घौं सदनको स्थापनाले त्यो कठिनाईलाई हटाएको छ। आज गुरुङ्गहरुको लागि मात्र होइन अरु जात जातिका लागि पनि बौद्ध अर्घौं सदन उपयोगी सिद्ध भएको छ।

गुरुङ्गहरुको संस्कार र परम्परालाई के कसरी सरल, मितव्ययी र युग सुहाउँदो बनाउने भनेर त्यहाँ धेरै गोष्ठी सेमिनार आदि भएका छन्। तालीम र प्रशिक्षण कार्यक्रमहरु पनि आयोजना गरिएका छन्। भौतिक विकास र निर्माण पनि भएका छन्। २४ वर्ष पछि फर्केर हेर्दा एउटा निर्जन र डरलाग्दो बय देशना र ध्यानभावना गर्नलाई समेत सुबिधा प्रदान गरेको छ। त्यो महत्वपूर्ण संस्थाको रजत जयन्ती समारोह पुस १४ गते सम्पन्न हुन गैरहेको छ।

सदनको रजत जयन्तीको उपलक्ष्यमा महिनौं देखि बिबिध कार्यक्रमहरु संपन्न भैरहेका छन्।अन्तर माध्यमिक बौद्ध हाजिरी जवाफ प्रतियोगिता, बौद्ध प्रशिक्षण शिविर र बौद्ध प्रवचन कार्यक्रमले बुद्ध धर्मको प्रचार गर्न गराउनमा महत्वपूर्ण सघाउ पुऱ्याएको छ।

बौद्ध अर्घौं सदनले धर्म, संस्कार र परम्परालाई समन्वयात्मक रुपले अघि बढाउने प्रयास गरिरहेको छ। आफ्नो मूल धर्म समातेर संस्कार र परम्परालाई धर्मानुकूल र समयानुकूल बनाउन खोज्नु स्वागतयोग्य कुरा हो । यत्तिबेला यसका संस्थापकहरु र नीति निर्देशकहरुलाई संझनु र उनीहरुको दूरदर्शी कार्यको उच्च मूल्यांकन गर्नु समसामयिक हुन्छ।

हामी त्यस संस्थाको रजत जयन्ती समारोह सफलतापूर्वक सम्पन्न होस् भन्ने कामना गर्दै त्यसको उत्तरोत्तर उन्नति र प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं।

# समतामूलक समाज निर्माणमा बुद्ध शिक्षाको भूमिका

❑ भिक्षु अश्वघोष

बुद्धकालीन समाज समतामूलक थिएन । त्यस समयको समाजमा ६२ प्रकारका साम्प्रदायिक, धार्मिक परम्पराहरु थिए । धर्मको नाममा प्राणी हिंसा र यज्ञ होम आदी गरी मुक्ति पाउने आशा राख्ने त्यस बेलाका मानिसहरुले आफ्नो आचरण शुद्धितिर ध्यान राख्दैनथे । त्यसैले दीघनिकाय ब्रम्हजाल सूत्र अनुसार त्यसबेलाको धर्म मिथ्यादृष्टिले भरिपूर्ण थियो ।

त्यसबेलाको राजनैतिक क्षेत्रमा पनि सामन्ती प्रथा लागु भएकोले धनी गरीवहरुबीच ठूलो अन्तर र भेदभाव हुने भएकोले धनीवर्गबाट गरीववर्ग प्रति शोषण भइरहन्थ्यो । जसले गर्दा त्यसबेला समतामूलक समाज निर्माण गर्न कठीन भइरहेको थियो ।

अर्को कुप्रथा थियो - वर्णभेद भनूँ या जातीभेद । त्यसबेला वौद्धिक संस्कृति (ब्राम्हण संस्कृति) को वोलवाला थियो । त्यस संस्कृतिले गर्दा समाजमा मानिसहरु ब्राम्हण, क्षेत्री, वैश्य र शूद्र जातीमा विभाजित थिए । ब्राम्हणहरु ब्रम्हाको मुखबाट जन्मेको भन्ने विश्वास गरी अरु जातीलाई नीच ठानिन्थ्यो । त्यस्तै क्षेत्रीहरु राज्य संचालन गर्ने वर्गमा गनिन्थ्यो । जसले गर्दा उनीहरु खुब घमण्डी बनी अरु वर्गलाई उन्नति र विकास हुने मौका दिदैनथे । शस्त्र अस्त्रको वलले लडाई र हिंसा गरेर उनीहरुले अशान्ति मच्चाइरहेको हुँदा त्यसबेला समतामूलक समाज निर्माण गर्न बाधा पुगिरहेको थियो ।

वैश्यहरुले व्यापारिक क्षेत्र सबै आफ्नो हातमा पारी खेती व्यवसाय सम्वन्धी कार्यहरु गरी आर्थिक स्रोतलाई आफ्नो वंशबाट प्राप्त भएको अंशरुपी अधिकार सम्झी शोषण गर्थे । राजाहरुसमेत यी वैश्यहरु अर्थात व्यापारी साहुमहाजनहरुको आर्थिक सहयोगमा भर पर्नुपर्थ्यो । यसले गर्दा पनि समतामूलक समाज निर्माण गर्न सकिरहेको थिएन ।

ब्राम्हण, क्षेत्री र वैश्यहरु मिलेर शूद्र (तल्लो जाती, वर्ग) लाई हरेक क्षेत्रबाट थिचोमिचो गरी शोषण गरिन्थ्यो । छुवाछूतको भावना राखी उनीहरुलाई पशु जाती भन्दा पनि तल्लो श्रेणीमा राखी अमानवीय व्यवहार गर्थे । यस असमानताको वातावरण र कुप्रथाले गर्दा पनि समतामूलक समाज निर्माणमा बाधा पुगेको थियो ।

यस्तो समयमा बुद्ध हुने व्यक्ति राजकुमार सिद्धार्थ गौतमको जन्म भयो । विवाह पश्चात उहाँलाई एउटा छोरो पनि प्राप्त भएको थियो । पछि राजपरिवारको विलासीपूर्ण जीवन र दरवार वाहिरको जनताको सामान्य जीवनबीच धेरै असमानता भइरहेको देखेर उहाँको मनमा वैराग्य भावना जाग्न थाल्यो । यी दुई थरीका मानिसहरु बीच भइरहेको असमानताको खाल्डो पुरेर नयाँ खालको समतामूलक समाज निर्माणार्थ उपकारक मध्यम मार्ग अर्थात् शान्ति मार्ग खोज्नको लागि २९ वर्षको उमेरमा उहाँले राजदरवार त्याग्नु भयो । राजदरवार त्यागी सक्नु भएपछि उहाँले कपिलवस्तुका ५ जवान ब्राम्हणहरुसंग अत्यन्त कष्टमय जीवन बिताई तपस्या गर्नुभयो । त्यसपछि कष्टपूर्वक तपस्या मात्र गर्नु पनि सही वाटो होइन भन्ने महशुस गरी त्यस दुःखमय जीवनलाई त्यागी एक्लै बुद्धगयाको पिपलबोटमुनि बसी स्वतन्त्र चिन्तन गरी ध्यानमग्न भई बस्नुभयो र वैशाख पुर्णिमाको दिन संसारको वास्तविकता र मनुष्य जीवनको यथार्थताको ज्ञान बोध गर्नु भई चार आर्यसत्य र आर्यअष्टाङ्गिक मार्गलाई यसरी बोध गर्नुभयो "संसार दुःखले भरिपूर्ण छ, दुःखको कारण तृष्णा हो अर्थात् जति भए पनि नपुग्ने असन्तुष्टि र अतृप्ति वानी हो । दुःखको अन्त्य पनि हुन सक्छ र दुःखलाई अन्त्य

गर्ने बाटो पनि छ" ।

समतामूलक समाजको निर्माण गर्नका लागि बुद्धले प्रतिपादन गर्नु भएको आर्य अष्टाङ्गिक मार्ग अति उपयोगी सिद्ध भएको छ । दुःख अन्त्य गर्ने यी मार्गहरु यसरी छन् -

(१) सम्यक दृष्टि - ठीक समझदारी अर्थात् सही ढंगले बुझ्नु ।
(२) सम्यक संकल्प - ठीक सोचाई, विचार र उद्देश्य अर्थात् नियत राम्रो हुनु ।
(३) सम्यक वचत - सत्य बोल्नु अर्थात् भनाई र गराईमा फरक नपारी मिलिरहेको व्यक्तिहरु बीच फूट ल्याउने कुरा नगर्नु ।
(४) सम्यक कर्मान्त - आफूलाई पनि अरुलाई पनि हानी पुग्ने गरी गलत तरीकाको काम नगर्नु ।
(५) सम्यक आजीविका - जीवन स्वच्छ हुनु अर्थात् निर्दोषपूर्वक जीवन यापन गर्नु ।
(६) सम्यक व्यायाम - नराम्रो सोचाईलाई खत्तम पारी राम्रो सोचाई उत्पन्न गर्न प्रयत्न गर्नु । अर्को भाषामा भन्ने हो भने अति परिश्रमी र अति अल्छी जीवनबाट टाढा रही ठीक प्रयत्नमा रहन सक्नु ।
(७) सम्यक स्मृति - सधैं सतर्क, सचेत र जागरुक बनी ठीक होशमा रहन पनि सक्नु ।
(८) सम्यक समाधि - चित्त चंचल हुन नदिई आफूले गरिरहेको राम्रो काममा दृढचित्त राखी चित्त एकाग्र पार्न सक्नु ।

यसरी सिद्धार्थ गौतमलाई उपर्युक्त ज्ञानको राम्ररी बोध भयो अर्थात बुद्धत्व प्राप्त भयो । बुद्धको अर्थ नै बोध हुनु हो । यसरी वहाँ समतामूलक समाज निर्माण गर्न योग्य व्यक्ति हुनुभयो ।

सिद्धार्थ कुमारले राजदरवार त्यागी अपनाएको व्यक्तिगत सुख र मुक्तिको लागि होइन, अपितु अज्ञानी, दुःखी र पिडितवर्गहरुको उद्धारको लागि नै हो ।

पुरानो संस्कार र अन्धविश्वासलाई नत्यागेसम्म र हृदय परिवर्तन नभएसम्म आफूले प्राप्त गरेको मध्यम मार्गको ज्ञान बुझ्न एवं त्यस मार्गमा लाग्न असम्भव नभए पनि गाह्रो त अवश्य हुने कुराको महशुस, गर्नु भयो बुद्धले । तैपनि संसारका सबै मानिसहरु मुर्ख, स्वार्थी र संकुचित विचारधाराको त अवश्य हुदैनन् । तीमध्ये कतिपय व्यक्तिहरु उदार हृदय, बुझ्न सक्ने क्षमतासहितका विद्वानवर्ग पनि हुनेछन् भन्ने कुरा महशुस गरी बुद्धले पहिला कपिलवस्तुमा आफूसंग तपस्या गर्ने पाँच जवान ब्राम्हणहरुलाई सम्झनु भयो । उनीहरुलाई पहिला धर्म सम्बन्धि शिक्षा दिई उनीहरु बोध भइसके पछि मात्र अरुपनि बोध हुनेछन् भन्ने कुरा सोच्नु भई उहाँ बुद्धगयाबाट पञ्चभद्रवर्गीयहरु रहेको स्थान सारनाथ पुग्नु भयो ।

त्यहाँ पुगेपछि बुद्धले मधुर स्वरले ती व्यक्तिहरुलाई सम्बोधन गरी भन्नु भयो - "भिक्षुहरु ! मैले पहिले कहिले पनि नसुनेको आर्य अष्टाङ्गिक मार्ग र चार आर्य सत्य ज्ञानको विषयमा ज्ञान लाभ गरें । चार आर्य सत्य र आठ मार्गको ज्ञान जानी राख्नु पर्ने ठानेर त्यसलाई अभ्यास गरिसकें । यस मार्गहरुको अनुभव गरेर मैले छाड्नु पर्ने पुराना संस्कारहरु सबैलाई त्यागी पनि सके ।" उहाँले फेरि भन्नु भयो "राम्ररी ध्यान दिएर सुन्नुहोस् - चार आर्यसत्य र आठ मार्गको यथार्थ ज्ञान नभएकोले र अभ्यास नगरेकोले संसार अनेक समस्याहरुबाट घेरी जटिल बन्न पुगेको छ । उपर्युक्त दुई कुरालाई बुझ्न नसकेको कारणले गर्दा मानिसहरु दुई अति तिर लागेका छन् । ती दुई अतिहरु यस्ता छन् - पञ्चकाम इच्छाहरु (सांसारिक इच्छाहरु) जस्तै आँखाले रुप हेरि आशक्त हुनु, कानले शब्द सुनी लिप्त रहनु, नाकले गन्ध सुँघी त्यसैमा टाँसिरहनु, जिब्रोले रसस्वाद लिई त्यसमा पल्किनु, शरीरले स्पर्स गरी मोहित हुनु । यी पाँचवटा भौतिक सुखमा आशक्त रही बिलासीमय जीवन बिताइ रहनुलाई अतिमार्ग भनिन्छ ।

हामीले त्याग्नयोग्य अर्को अति मार्ग हो, भोकभोकै रही अस्वभाविक तपस्या गरी शरिरलाई दुःख कष्ट

दिनु र अन्धविश्वासमा अल्झिनु । आर्थिक र सामाजिक दृष्टिकोणले भन्नु पर्दा अधिकांश जनता आधारभूत
आवश्यकतासम्म पनि पूर्ति गर्न नसकी खाना, लत्ताकपडा, आवास र औषधोपचार नपाई संकटमय जीवन
बिताइरहनु परेको छ । समाजको निर्माण

यसरी दुई प्रकारका अन्तहरु (धनी र गरीव) को वातावरण रहुन्जेल समतामूलक सकेमा मात्र
गर्न सजिलो हुने छैन । यी दुई अतिमार्गमा नलागी मध्यम मार्ग (मध्यम वर्ग) को अनुशरण गर्न निर्माण गर्न
चार आर्यसत्य र आर्य अष्टाङ्गिक मार्गमा लाग्न र अभ्यास गर्न सक्नेछ अर्थात् समतामूलक समाज स्वतन्त्र चिन्तन
सक्नेछ। बुद्धको मध्यम मार्गमा पूर्वाग्रह, जातपात र परम्परावादीको गन्ध छैन । बुद्ध शिक्षालाई बुझेर मात्र
र स्वच्छ विचारले सोच्न सकेमा मात्र राम्ररी बुझ्न सकिनेछ । अन्यथा बुझ्न सजिलो हुनेछैन । उतार्न भने
काम लाग्दैन । यसलाई व्यवहारमा उतार्न सके मात्र सफलता प्राप्त गर्न सकिनेछ । तर व्यवहारमा
गाह्रो छ ।

हामीले समतामूलक समाज निर्माणार्थ  आवश्यक बुँदाहरुलाई राम्ररी जानी आफ्नो आचरण शुद्धि
कार्यमा लाग्नु परेको छ ।

एकजना ब्राम्हणले बुद्धलाई सोध्नु भएछ - “तपाईको जात के हो ?” बुद्धले भन्नु भयो - “जात नसोध,
आचरण सोध । जातले कोही पनि ब्राम्हण र बसल हुँदैन । कर्मले मात्र ब्राम्हण र चण्डाल बनिन्छ ।” जातपातले
गर्दा समतामूलक समाज निर्माण गर्न अप्ठ्यारो परिरहेको छ । वर्ण व्यवस्थाले गर्दा ठूलो बाधा आइरहेको
छ ।

गौतम बुद्धले समतामूलक समाज निर्माणार्थ नमूनाको रुपमा भिक्षु संघ गठन गर्नु भयो । त्यस संघमा
ब्राम्हण देखि शूद्रवर्गसम्म समावेश भएको थियो । बागमती, गंगा, यमूना आदि नदीहरु समुद्रमा मिलिएपछि
एउटै रस नुनिलो भए जस्तै सबै जाती भिक्षु संघमा मिसिएपछि एउटै रस विमुक्ति रसको अनुभव हुनेछ ।
भिक्षु संघमा रहेको व्यक्ति पवित्र हुनुपर्छ । त्यहाँ सम्पत्ति सामूहिक हुनेछ । अति आवश्यक आधारभूत
वस्तु मात्र व्यक्तिगत हुनेछ। अरु सबै सम्पत्ति सामूहिक हुनेछ। समतामूलक समाज निर्माणार्थ आर्थिक समानता
हुनु जरुरी छ ।

बुद्धधर्म न सिंगो भौतिकवाद हो, न सिंगो आध्यात्मिकवाद । भौतिक र अध्यात्मिक दुवैमा नङ्ग र मासु
जस्तै घनिष्ट सम्बन्ध रहेको हुन्छ। बुद्धले भन्नु भएको थियो - “मानिस जन्मिदा खेरि शुद्ध हृदय लिएर जन्मेको
हुन्छ। तर संसारको प्रदुषित वातावरणले गर्दा उसको मन अपवित्र हुन पुग्छ । यसले स्पष्ट हुन्छ, समतामूलक
समाजको निर्माण गर्नको लागि समाजको वातावरण शुद्ध हुनुपर्छ ।”

अर्थात्

“पमस्सरमिद मिक्खेव चित्त तंच खो
आगन्तुकेहि उपक्किलेसेहि उपक्किलिट्ठ”

अर्थात्

प्रदुषित वातावरणले मानिसको मनलाई अपवित्र बनाइ दियो ।

चक्कवतिसिंहनाद सूत्रमा बुद्धले भन्नु भएको छ - अपराधको मूल कारण गरिवी हो । त्यसैले आर्थिक
अवस्था नसुधिकन समतामूलक समाज निर्माण गर्न सम्भव छैन । यी सम्पूर्ण कुरा आर्थिक प्रश्नसँग सम्बन्धित
छन् । अर्थात् सम्पूर्ण भौतिक सुखभोगसँग सम्बन्धित छ । मानिसले खालि भौतिकवादी मात्र बन्नु राम्रो
हुँदैन । अपितु आध्यात्मिक सुख र विकासतिर लाग्न आवश्यक छ भनिएको हो । अर्को अर्थमा भन्ने हो भने
विलासी  जीवन बिताउनु देशको लागि र सामाजिक विकासको लागि हानिकारक छ । स्पष्ट रुपमा भन्ने हो
भने समतामूलक समाज निर्माणको लागि पहिला आर्थिक व्यवस्था राम्रो हुनुपर्छ । आधारभूत आवश्यकताहरु

- खाना, कपडा, आवास, औषधोपचार आदि यी चार चीजहरुको राम्रो व्यवस्था हुनु पर्छ ।

त्यति मात्र होइन, समतामूलक समाज निर्माणार्थ निम्न लिखित ४ गुणहरु नभई हुँदैन ।

(१) मैत्री (मित्रता)

(२) करुणा (दया)

(३) मुदिता (प्रशन्नता)

(४) उपेक्षा (तटस्थता) आदि ।

हाम्रो मनमा मैत्री रहुञ्जेल द्वेषभाव, रिस, वैरभाव, असन्तुष्ट भाव उत्पन्न हुने छैन । करुणाचित्त रहुञ्जेल हिंसाको वातावरण उत्पन्न हुने छैन । मुदिता अरुले राम्रो काम गरेको देखेर मन प्रशन्न राख्न सक्ने चित्त रहुञ्जेल इर्ष्याभाव उत्पन्न हुने छैन । उपेक्षा (सुख, दु:खमा मन विचलित नगरी तटस्थ भाव राख्न सक्नु) ले वातावरण शान्त रहने छ ।

यी चार महत्वपूर्ण गुणहरुलाई पालन गर्न सकेमा मात्र समतामूलक समाजको निर्माण हुन सजिलो हुनेछ । त्यसैले उपर्युक्त कुराहरु समतामूलक समाज निर्माण गर्नको लागि महत्वपूर्ण भूमिका हुन् जस्तो लाग्छ ।

(भिक्षु अश्वघोषले मगर सेवा संघ, रुपन्देहीद्वारा बुटवलमा आयोजना गरेको अन्तरक्रिया गोष्ठीमा प्रस्तुत गर्नु भएको कार्यपत्र हो ।)

❖❖❖

**बौद्ध अर्घौ सदनको**

रजत जयन्ती तथा ल्होछारको शुभ उपलक्ष्यमा

**सबैको सुख, स्वास्थ्य र समृद्धिको कामना गर्दै**

सदनको उत्तरोत्तर प्रगति र उन्नतिको लागि

**हार्दिक कामना गर्दछौं ।**

प्रकाश उदास

अध्यक्ष

**युवा बौद्ध संघ**

धर्मशीला बुद्ध विहार, पोखरा

# बौद्ध दर्शनको रुपरेखा

❑ डा.भिक्षुणी अनोजा

विश्वमा बुद्ध धर्म अनात्मवादी दर्शनको रुपमा सुप्रशिद्ध छ । अनात्मको आधार लिएर भगवान बुद्धले संसार, बन्धन, मोक्ष, निर्वाणमार्ग, कर्म-फल आदिको लौकिक र आध्यात्मिक असाधारण रुप बताउनु भएको छ । भगवान् बुद्धले भन्नु भएको छ कि - ज्ञान नै सबभन्दा ठूलो चीज हो । विना प्रज्ञाले राम्रो-नराम्रो, सेतो-कालो, पाप-धर्म आदि केही थाहा पाईदैन । जसरी अँध्यारो कोठामा वत्ती नभए त्यहाँ भएको सरसामान केही पनि देखिदैन, त्यसरी नै विना प्रज्ञाले राम्रो नराम्रो केही थाहा पाईदैन । तर प्रज्ञा भएको व्यक्तिले सबै कुरा थाहा पाउन सक्छ । कोठाको कुना-कुनामा भएको सामानहरु देख्न सक्छ र राम्रो नराम्रो सजिलैसित छुट्याउन सक्छ । भगवान् बुद्धले पनि प्रज्ञाबाट नै अज्ञानताको सबै नाश गरी सम्पूर्ण विषय वस्तुको वास्तविक स्थिति थाहा पाउने ज्ञान प्राप्त गर्नुभएको हो । त्यो ज्ञान हो - चतुआर्य सत्य, आर्य अष्टांगिक मार्ग र प्रतीत्य - समुत्पाद ।

**चतुआर्य सत्य -**

दुःख सत्य आफ्नो शरीरमा रहेको हुन्छ । आँखाले देखिने दुःख सत्य हो । कानले सुनिने र सुनाई दिने पनि दुःख सत्य हो । नाकले सुँघ्न सकिने, जिब्रोले चाखेर मीठो, गुलियो, अमिलो छुट्याउन सक्ने क्षमता पनि दुःख सत्य हो । शरीरमा बिभिन्न राम्रा-नराम्रा स्पर्श भएको थाहा हुने पनि दुःख सत्य हो । जन्म हुनु, बुढाबुढी हुनु, रोगले सताउनु, मृत्यु हुनु पनि दुःख सत्य हो । आफ्नो इच्छा पूरा नहुनु, कुनै आफूलाई मन पर्ने व्यक्तिसंगको विछोड, कुरा नमिल्ने व्यक्तिसँग बस्नु पर्ने बाध्यता पनि दुःख सत्य हो । कल्पना गर्नु, विचार गर्नु, चिन्तन गर्नु गराउनु पनि दुःख सत्य नै हो । खुम्च्याउनु, पसार्नु, आवागमन गर्नु, बिभिन्न शारीरिक क्रियाकलापहरु गरिरहनु, वचनले भनिरहनु, बोलिरहनु पनि दुःख सत्य भित्र नै पर्दछ । संक्षिप्तमा भन्ने हो भने हाम्रो शरीरले पञ्चस्कन्ध धारण गर्नु पर्ने क्रिया नै दुःख सत्य हो । किनभने अघि भनिएका दुख्नु, सुन्नु, सुँघ्नु, चाख्नु, स्पर्शले थाहा पाउनु, चिन्तन मनन गर्नु, सञ्चालन गर्नु, मरम्मत गर्नु - यी जम्मै एक क्षण नबिराई उत्पत्ति र विनाश भइरहने हुनाले नित्य होइनन् । नित्य नभएकाले रमणीय छैनन् । यिनलाई सही रुपमा जान्ने हो भने कुनै समयमा विनाश हुने, मरण हुन सक्ने, निश्चय यी सबै दुःख मात्र हुन् । तसर्थ यी सबै दुःख सत्य मात्र हुन् र यसको नाश निश्चित छ भनि थाहा पाउनु पर्छ ।

यी सम्पूर्ण ज्ञान भगवान् बुद्धले बोधगयामा बोधिवृक्ष मुनि ध्यान गरेको समयमा यथार्थ रुपले नभुलिकन प्राप्त गर्नुभएको थियो । आफूले प्राप्त गरेको ज्ञान मध्यम मार्ग भनेर उहाँले थाहा पाउनु भयो । आफ्नो शरीरलाई धेरै दुःख दिएर पनि ज्ञान प्राप्त गर्न सकिने होइन र मोज-मज्जा गरेर पनि ज्ञान हासिल गरिदैन । त्यसैले मध्यम मार्ग नै ज्ञान प्राप्तिको मुख्य आधार हो र भगवान् बुद्धको मुख्य देशना पनि यहि हो । यही मध्यम मार्गद्वारा नै विभिन्न नगर र देशहरुमा गएर ४५ वर्ष सम्म 'बहुजन हिताय, बहुजन सुखाय' को लक्ष लिनु भई भगवान् बुद्धले दुःखी जनहरुलाई उपदेश दिनुभयो ।

दुईवटा अति वाटोलाई छोडेर मध्यम अर्थात् बीचको बाटो अपनाउनुलाई नै मध्यम मार्ग भनिन्छ । सबै बौद्ध दार्शनिकहरुले यस्तो दुईवटा बाटो छोडेर बीचको बाटो जान आर्य सत्यहरुलाई स्वीकार गराएर आफ्नो लक्ष सिद्ध गर्नु पर्दछ ।

मध्यम मार्गको अर्थ धेरै व्यापक छ । यो हरेक क्षेत्रमा लागू गर्न सकिन्छ । मानवको स्वभाव यस्तो छ कि, जो आफ्नो पक्षको लागि व्यक्ति, समुदाय र राष्ट्रको विषयलाई लिई सानो-तिनो झैं-झगडाले ठूलो-

ठूलो युद्ध गर्न तयार हुन्छ । साम्प्रदायिक विद्रोह, भैं-झगडा र धर्म युद्ध हुने यही नै मूल कारण हो ।

झगडा विद्याको कमीले पनि हुन जान्छ । विद्याको अभावले नजान्नु र थाहा नपाउनु मात्र नभएर विपरीत अर्थ पनि ल्याउन सक्छ र झगडा पर्ने सम्भावना बढ्छ । यसैले हामीले अविद्यालाई अस्वस्थ र दिशाभ्रम भएको स्थितिसँग दाँज्न सक्छौं । दिशाभ्रम भई बाटो भुलिरहेको व्यक्तिले पूर्व-पश्चिम, दक्षिण-उत्तर लाई मात्र सही रुपमा नजान्ने होइन, उसले पूर्व दिशालाई पश्चिम दिशा भनेर पनि सम्झन सक्छ । अविद्याको कारणले अहंकारको सृजना हुन्छ । अनि भावना (ध्यान) गर्नुपर्ने मन शुद्ध हुँदैन अर्थात् मन शुद्ध गर्न सक्ने क्षमता हुँदैन । जसले गर्दा झगडा पर्न जान्छ । त्यसकारण भगवान् बुद्धले भावना (ध्यान) को महत्व बताउनु हुँदै भन्नु भयो कि सितारको तार धेरै ढीला भए पनि आवाज राम्रो हुँदैन र तार धेरै कसेतापनि आवाज राम्रो हुँदैन । उल्टो तार नै टुट्न सक्छ । त्यसैले सितारको राम्रो र मधुरो स्वर निकाल्न तारलाई ठीकसँग कस्नु पर्छ । जुन कुराले भावनालाई वीणाको उपमा दिएको स्पष्ट बुझिन्छ । त्यसैले ध्यान गर्ने व्यक्ति पनि ठीकसँग बस्नु पर्दछ । अनि मात्र आफ्नो मनलाई एकचित्त गरेर आफूसँग भएको कलह, रीस, राग, द्वेष र मोहलाई निर्मूल गर्न सकिन्छ । अनि त्यही बेला आफूसँग आत्मा छ कि छैन भन्ने कुरा थाहा पाइन्छ ।

भगवान् बुद्धको सबै उपदेशहरु मध्ये प्रमुख चाहि आर्य अष्टाङ्गिक र चतुआर्य सत्य हो । जुन मार्ग अनुसार हामी चल्यौं भने सम्पूर्ण तृष्णालाई क्षय गरेर मनुष्यले आफ्नो लक्ष्य परम निर्वाण सुख प्राप्त गर्न सकिन्छ । आर्य अष्टाङ्गिक मार्गको श्रेष्ठता बताउनु हुँदै भगवान् बुद्धले यस्तो भन्नु भएको छ कि -

**"मग्गानट्ठङ्गिको सेट्ठो सच्चानं चतुरो पदा ।"**

अर्थ - मार्ग मध्ये अष्टाङ्गिक मार्ग श्रेष्ठ छ । त्यस मध्ये चार आर्य सत्य, धर्म मध्ये वैराग्य श्रेष्ठ र मनुष्य मध्ये आँखा भएको ज्ञानवान् श्रेष्ठ छ ।

अरु पनि भगवान बुद्धले भन्नु भएको थियो कि मीठा वचनबाट अलग रहेर सम्यक् वचन बोल्ने गर ।

**"सहस्समपि चे वाचा अनत्थपद संहिता एकं अत्थपदं सेय्यो यं सुत्वा उपसम्मति"**

अर्थ - बेकारको कुरा हजारौं हजार भएतापनि सार्थक अर्थ भएको एउटा वचन श्रेष्ठ छ जुन कुरा सुनेर शान्ति प्राप्त हुन्छ ।

उहाँले अङ्गुत्तर निकायमा पनि यस्तो बताउनु भएको थियो, - "भिक्षुहरु ! झुठा बोल्ने या झुठा कुरा गर्न छोडेर सत्य बोल्ने बानी गर । सत्य बोल्नेलाई नै सबैले मन पराउँछन् । चुगली गर्ने बानी छोडेर अरुलाई मिलाउने बानी गर । अनि मात्र त्यस व्यक्तिलाई सबैले मन पराउँछन् । कडा वचनलाई छोडेर नरम वचन बोल्ने गर । बेकारको वचन छोडेर अर्थ सहित र धर्म सम्बन्धी कुरा गर्ने गर ।

आफ्नो अस्तित्व प्रति अग्रशील हुने गर्नाले यो बुद्धि र अहंले आफ्नो र अरुको भेदभाव उत्पन्न गर्छ । जब 'स्व' छ भने 'पर' पनि अवश्य हुन्छ । यो बुद्धिको कारणले अनेक प्रकारले भेदभाव उत्पन्न हुन्छ । मेरो धर्म, तिम्रो धर्म, मेरो ईश्वर, तिम्रो ईश्वर आदि धार्मिक जातीय, सामाजिक एवं राष्ट्रिय भेद तथा सिद्धान्तभेद आदि खडा गर्दछ । स्व सत्ताको प्रति यस्तो आग्रहको कारण आत्मीय र अनात्मीय आफैले थाहा पाइन्छ ।

बौद्ध धर्म भनेको सुनेर मात्र काम लाग्ने होइन । चिनी गुलियो छ भन्दैमा हो भनेर विश्वास गर्नु हुँदैन । खाएर नै हेर्नुपर्दछ । त्यस्तै धर्म पनि आफूले नै अभ्यास गर्नु पर्दछ । अनि मात्र आफैले ऐना हेरेको जस्तो छर्लङ्ग हुन्छ ।

# बौद्ध मासिक - धर्म चक्षु

(स्वागताछन्द)

❑ मान बज्राचार्य

बुद्ध धर्म अनि संघ शरणले ।
बौद्ध हुन्छ तर बुद्ध बनौं रे ॥
त्याग्नु पर्छ यस निम्ति कु तृष्णा ।
वासनात्मक कुभाव वितृष्णा ॥

शब्द आचरण शुद्ध चरित्र ।
बुझ्नु बुद्ध उपदेश पवित्र ॥
देखिने पहिरणै गुण हैन ।
ध्यान ज्ञान नभई तरिंदैन ॥

पञ्चशील गुण पूर्ण गृहस्थ ।
मुक्तिद्वार पनि देख्दछ दृश्य ॥
लोभ लाभ अनि लालच इच्छा ।
नर्कद्वार बुझ मान प्रतिष्ठा ॥

अष्ट शील दश शील गुणज्ञ ।
संयमी वदन भिक्षुक धन्य ॥
श्रामणेर पदबाट उठेर ।
भै महास्थविर शोभिए हेर ॥

मैत्रि चित्त करुणा र दयाले ।
धर्म चक्षु मन भित्र उज्यालो ॥
श्री प्रकाश भगवान् छवि देख्छौं ।
दिव्य धाम र परंगति भेट्छौं ॥

पोखरा प्रकृति केन्द्र विशाल ।
ताल वन्य छ पहाड हिमाल ॥
बौद्ध मन्दिर विहार र गुम्बा ।
विश्व शान्ति स्तुप सुरम्य छ थुम्का ॥

उक्लंदा अनदु पर्वत सम्म ।
पर्यटक नजर मान्छ अचम्म ॥
क्या प्रसन्न छ मनोहर मुहार ।
पोखरा नगर सुन्दर पार ॥

प्यार नै हृदयबाट गरे झैं ।
प्रीतिले असल शान्ति मिले झैं ॥
भाव उज्ज्वल बनाउँछ ज्ञान ।
बौद्ध मासिक पढे, छ बयान ॥

धर्म चक्षु शुभ शीर्षक लाग्यो ।
प्रेरणा सुकविता दिउँ लाग्यो ॥
प्राप्ति भो जति पढे जुन तीन ।
. लेख, लेखक, सुविज्ञ प्रवीण ॥

साधुवाद हृदय स्थलबाट ।
होस् उन्नति विकास म बाट ॥
योगदान हुनु पर्छ गरौं के ?
भन्नु होस् कविता पथ रोजें ॥

२०५९/७/२५
बराह क्षेत्र, सुनसरी

❖❖❖


# नव वर्ष

## 'क्ह्यू' ल्होछारको उपलक्ष्यमा

समस्त नेपाली दाजू भाइ दिदी वहिनीहरुमा


## सुख, शान्ति र सम्वृद्धिको

हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**तमु धिं कास्की परिवार**

पोखरा






Wondershare PDFelement

# हाम्रो समाजमा बुद्ध शिक्षाको महत्व

❑ एन्जिला घिमिरे, कक्षा :- ९
आदर्श ईङ्गिलिस बोर्डिङ्ग स्कूल, फूलबारी, पोखरा

२१औं शताब्दीको उथल-पुथल र ठूलो परिवर्तनसँग वर्तमान विश्वबाट मानवताको भाव हराउदै गएको अर्थात आजको समाज मानवताको भावनाबाट साँघुरिदै गएको हामी पाउन सक्छौं । समाजको कुरा गर्ने हो भने परिवार परिवार मिली समाज बन्छ र मानिस मानिस मिली परिवार । हामीलाई विदितै छ कि मानिस एक सामाजिक प्राणी हो र समाजबाट बाहिरिएर उ बस्न सक्दैन । मानवीय भावनाको विकास पनि यही समाजबाट नै हुनेगर्छ । समयको छालसँगै दगुर्दै आजको हाम्रो समाज २१औं शताब्दीको द्वारबाट भित्र छिरि सकेको छ । हुन त आजको युग र समय विज्ञानको युग हो तर परम्परादेखि युगौदेखि चलिआएको आध्यात्मवाद र मानवताको ठाउँ ओगट्न भने यसले सक्दैन । आजको विश्व आफैमा यति हराइसकेको छ कि अब त मानवीय गुणहरुको अस्तित्व पनि विलीन हुँदै गइरहेको छ । विज्ञानले ठूलो उथल-पुथल त भित्र्यायो साथै मानसपटलमा कालो बादल मडारिएर सूर्यको किरण प्रवेश गर्न नदिए झै आध्यात्मवाद तथा मानवताको प्रकाश (दीप) बल्न दिइरहेको छैन । आजको समाज यति व्यस्त छ कि यहाँ कसैलाई मतलबै छैन । जतासतै क्षुद्र स्वार्थपन, सहिष्णुताको कमी, बेइमानी, हिंसा र व्यभिचारले चरम सीमा नाघि सकेको छ । व्यापक शस्त्रअस्त्रको होडबाजी र क्षेप्यास्त्रको बादलद्वारा ढाकिएको छ । जतातते हत्या, हिंसा, अहंकार, सत्ताको मोह, आन्तरिक कलहको समाचार, द्वेष, राग, मोह, लोभ, अपमान, स्वार्थ सिद्धिको भाव, लोभ, अहंकार, ममकार आदि बाहेक केही पनि छैन । मानिसहरु यति भयभीत र त्रसित छन् कि उनीहरु अब शान्तिको लागि भौतारिरहेका छन् । श्वास फेर्ने हावामा पनि केवल बम र बारुदको गन्ध आउने आजको समाजमा मानिसहरु शान्तसँग सन्तोषको श्वास फेर्ने आशामा प्रत्येक दिन र रातहरु त्यो झीनो आशामा काट्ने गर्छन् । तर कति विवश छ आजको यो समाज जहाँ शान्ति केवल नारा र घोषणामा मात्रै सीमित छ । शान्तिको निम्ति दगुर्दा दगुर्दै मानिसहरु यति थाकिसकेका छन् कि अन्तमाः उनीहरु बाह्य संसारलाई नभएर अध्यात्मलाई नै अंगाल्न थालेका छन् । तर जहाँ बहुजन हिताय बहुजन सुखायको भाव हरेक मनमा जागृत हुन्छ, शुद्ध मन र सम्यक कार्य हुन्छ, अर्काको निम्ति सद्भाव श्रद्धा र भाईचाराको भाव हुन्छ, त्यतिबेला उत्पन्न हुन्छ शान्ति, परम् परिशुद्ध शान्ति, बुद्ध प्रदत्त शान्ति, परम् श्रेष्ठ शान्ति, आजको विश्वको लागि । आजको समाजको लागि अपरिहार्य छ शान्ति, सत्य, सद्भाव, अहिंसा, करुणा र परोपकारले नै समाजलाई राम्रो मार्गतर्फ अग्रसर हुने निर्देश गर्छ भन्ने कुरामा सायद कसैको दुईमत नहोला ।

जबजब यस विश्वमा, यस समाजमा शान्तिको बुलन्द आवाज घन्किन्छ, तब तब सबैको मानसपटलमा एउटै मात्र नामको स्मरण हुन्छ त्यो हो - शान्तिका अग्रदूत महामानव गौतम बुद्ध । यस सम्पूर्ण संसारलाई दुःखको सागरबाट उतार्नको निम्ति, यस सारा जगतलाई सत्य, अहिंसा, सहिष्णुता, करुणाको मार्गतर्फ अग्रसर गराउन प्रेरित गर्ने महान व्यक्तित्व, शान्तिज्योतिका प्रतिमूर्ति, विश्व शान्तिका अग्रदूत गौतम बुद्धको जन्म पनि यही सुन्दर देश नेपालमा भएको थियो । हाम्रो देश नेपाल त्यसै त संसारमा सगरमाथाको देश, पशुपतिनाथको देश भनेर चिनिन्थ्यो त्यसमा पनि महामानव गौतम बुद्ध जस्तो सपूत नेपाली धर्तीले पाएपछि विश्वमा शान्तिको

देश नेपाल भनेर चिनिनु स्वभाविकै हो । तर दुःखको कुरा के छ भने हिजो सम्म बुद्धको शान्ति उपदेशहरु गुञ्जायमान रहने नेपालमा आज जताततै हत्याहिंसाको कालो बादल मडारिएको छ, आतंक र विस्फोटको आवाज घन्किएको छ । श्वास फेर्ने हावामा पनि बम र बारुदको गन्ध छ, जताततै निर्दोष नेपालीहरु एकले अर्काको रगतको प्यासी बनी रणभूमिमा उत्रिएको एउटा कटुता छ, दिदीबहिनीको सिउँदो पुछिंदाको रोदन छ, आफ्ना सन्तानको बचावटका लागि हात फैलाएर मागिरहेकी नेपाल आमाको करुण पुकार छ, वेदना छ, बस केवल आँसु नै आँसु छ, दुःख नै दुःख छ, हिंसा नै हिंसा छ । यस्तो हाल छ बुद्धको देश नेपालको, यहाँको समाजको खोइ आज ती बुद्धका अमर वाणीहरु ? खोइ ती शान्ति उपदेशहरु ? खोइ ती शान्तिका परेवाहरु ? हिजोसम्म यही धर्तीमा शान्तिको शंखनाद घन्किरहेको थियो । खोई आज त्यो शंखदान । आज त केवल भय छ, त्रास छ, हिंसा र आतंक छ । यस्तो स्थितिमा सम्पूर्ण विश्व समुदायलाई नै अहिंसा, सत्य, सहिष्णुता तथा नैतिक मार्गतर्फ प्रेरित गर्ने एउटै धर्म छ, एउटै शिक्षा छ, त्यो हो - बुद्ध धर्म र बौद्ध शिक्षा ।

युग द्रष्टा, विश्व शान्तिका अग्रदूत र बुद्ध धर्मका प्रतिपादक महामानव गौतम बुद्धले दिएका ती शान्ति प्रिय, मैत्रीपूर्ण विचार र भावनाहरुले नै आजको यस कोलाहलमय वातावरणलाई सही दिशातर्फ डोऱ्याउन सक्छ । आज भन्दा करिब २६०० वर्ष अगाडि नेपालको लुम्बिनीमा शाक्यवंशी राजा शुद्धोदनको सुपुत्रका रुपमा जन्मलिन पुगेका सिद्धार्थ गौतमको बाल्यकाल र युवावस्था राजर्षि सुख सयलमा वितेपनि उनी वैराग्यतर्फ समर्पित भइसकेका थिए । वैवाहिक जीवनमा बाँधिइसकेपछाडि पनि उनी निरन्तर मानवमा रहने रोग, दुःख, पीडा र मृत्युको बारेमा चिन्तन गरिरहन्थे । त्यस्ता कुराले उनलाई धेरै मर्माहत पारिरह्यो र अन्तमाः उनले धर्मपत्नी, छोरा, परिवार, राजपाट आदि सबै सुख सयललाई तिलाञ्जली दिएर घर छाडे । उनले त्यसपछि भिक्षु जीवन अँगाले । धेरै वर्ष लामो कष्टप्रद तपस्या पश्चात् उनले भारतको बोधगयामा अनोमा नदीको किनारमा एउटा पिपलको रुखमुनि बुद्धत्व प्राप्त गरे र सिद्धार्थ गौतमबाट "गौतम बुद्ध" को रुपमा सारा संसारमा प्रख्यात भए । उनले यस संसारलाई दुखको महासागरबाट उवार्न प्रयत्न गरे र आफ्नो सारा जीवन अरुको निम्ति अर्पण गरे । उनले यस संसारलाई सत्य, अहिंसा, करुणा र भ्रातृत्वको पाठ सिकाएर सदैव शान्तिको मार्गतर्फ प्रेरित गरिरहे । यस्ता महान् व्यक्तिले संसारमा हात हतियारविना पनि अगाडि बढ्न सकिन्छ, लक्ष्यमा पुग्न सकिन्छ र जित्न सकिन्छ भन्ने कुरालाई स्पष्ट पारिदिए । तत्कालीन समयमा पनि समाज विभिन्न कुसङ्गति र कुसंस्कारबाट ग्रसित थियो । छुवाछुत, जातपात आदि विसंगतिहरु त्यतिबेला व्याप्त थिए । तर दूरद्रष्टा गौतम बुद्धले सबैलाई भ्रातृत्वको कसीले कसेर शान्ति, अहिंसा, सहिष्णुताको मार्गतर्फ प्रेरित गर्नुभयो । ठीक त्यस्तै छ आजको समाज पनि । आजको समाजमा बौद्ध शिक्षाको ज्योति जगमगाएर अहिंसा, शान्ति र सहिष्णुताको मार्गतर्फ डोऱ्याउनु पर्छ ।

बौद्ध शिक्षा आफैमा महान्, पवित्र र निश्चल छ कि जो कोही पनि यसको भावतरङ्गमा स्नान गर्छ ऊ यस्ता हिंसावादी क्रियाकलापहरुबाट टाढा, धेरै टाढा पुग्छ । बुद्धले त्यति ठूलो कष्ट सहेर, बुद्धत्व प्राप्त गरेर संसारलाई अहिंसा र शान्तिको मार्गतर्फ डोऱ्याउनको लागि मात्र हो नकि संसारमा यस्तो हिंसावादी क्रियाकलापहरु छाओस् भनेर नै । यस्ता महामानव गौतम बुद्धको स्मरण गरेर उहाको उपदेशको पालना गर्दै उहाँले देखाउनु भएको बाटोमा हामी हिंड्न सक्नुपर्छ अनि मात्र हाम्रो जीवन सार्थक हुन्छ । जीवन आफ्नो लागि जीउन सजिलो हुन्छ तर अर्काको लागि जीउन त्यति नै गाह्रो । त्यस्तै अर्काको लागि जीवन अर्पण गर्न सकियो भने नै समाजमा हिंसात्मक गतिविधि पूर्णरुपले ओइलाउँदै जान्छ । र यी सम्पूर्ण शिक्षा हामीले केवल बौद्ध

शिक्षाबाट नै लिन सक्छौं । बौद्ध शिक्षाले सदैव शील, प्रज्ञा र समाधिलाई मूल आधार बनाएको छ । त्यस्तै अहिंसा, मित्रता, सहिष्णुता, सत्यता, परोपकार आदि गुणहरुलाई समेत समेटेको छ । त्यस्तै चतुआर्य सत्यलाई अंगालेर मध्यम मार्ग अपनाई आठ पाइलाहरु अपनाउन आव्हान गरेको छ जुन यस प्रकार छ :

सम्यक दृष्टि
सम्यक वचन
सम्यक संकल्प
सम्यक कार्य
सम्यक व्यायाम
सम्यक जीविका
सम्यक स्मृति र
सम्यक समाधि

यी आठ ओटा मार्गहरु अपनाउने हो भने जति सुकै ठूलो दुःखको महासागरबाट पनि मानिस सजिलै उम्कन सक्छ । यदि बौद्ध शिक्षाको हरेक उपदेश र मन्त्रको समाजमा सही उपयोग गर्न सकियो भने यो समाज अवश्य पनि एकदिन शान्तिको बाटोतर्फ लम्कने छ जहां जतिवेला पनि एउटै स्वर घन्किएको हुनेछ :

बुद्धम शरणम् गच्छामि
धम्मम् शरणम् गच्छामि
संघम् शरणम् गच्छामि

***


गुरुङ्ग जातिको धार्मिक एवं सामाजिक अग्रणी संस्था

**बौद्ध अर्घौं सदनको**

रजत जयन्ती तथा ल्होछारको शुभ उपलक्ष्यमा

**सबैको सुख, स्वास्थ्य र समृद्धिको कामना गर्दै**

सदनको उत्तरोत्तर प्रगति र उन्नतिको लागि

**हार्दिक कामना गर्दछु ।**

प्रो. कमल कुमार गुरुङ्ग

**मनोकामना आयल स्टोर्स**

बुद्धचोक, पोखरा, फोन : २१८३२/२२४१९

# रजत जयन्तीको ऐनामा बौद्ध अर्घौं सदन

❒ बिल बहादुर गुरुङ्ग

(बौद्ध अर्घौं सदनका पूर्व अध्यक्ष बिलबहादुर गुरुङ्ग धार्मिक क्षेत्रमा चर्चित नाम हो। उहाँ अर्घौं सदनका संस्थापक मध्येका एक हुनुका साथै ३/३ पटक त्यस स्स्थाका अध्यक्ष समेत भएर उहाँले संस्थाको बिकासमा महत्वपूर्ण योगदान गर्नु भएको छ। दश वर्ष भन्दा बढी समय धर्मोदय सभा, कास्कीका अध्यक्ष पदमा रहनु भयो भने सो संस्थाका केन्द्रीय समितिको सदस्य भएर पनि उहाँले सेवा पुऱ्याउनुभयो। बौद्ध अर्घौं सदनको रजत जयन्ती समारोह मनाउन गठित मूल आयोजक समितिका उहाँ संयोजक हुनुहुन्छ। उहाँ सँग हाम्रा प्रतिनिधिले लिएको अन्तर्वार्ताको सार संक्षेप यहाँ प्रस्तुत छ। – सम्पादक)

**प्रश्न** :- बौद्ध अर्घौं सदनले अहिले रजत जयन्ती मनाइरहेछ। तपाइ मूल समारोह समितिको संयोजकको हैसियतले रजत जयन्ती के कसरी मनाइरहनु भएको छ ?

**उत्तर** :- हामीले केहि महिना पहिले देखि नै बिभिन्न कार्यक्रमहरु राखेर रजत जयन्ती मनाइरहेका छौं। यो धार्मिक सामाजिक संस्था भएकाले हामीले सबभन्दा पहिले बुद्ध धर्मको महान पवित्र ग्रन्थ कंग्युर पाठबाट आफ्नो कार्यक्रम शुरु गऱ्यौं। यतिञ्जेल सम्म बौद्ध प्रशिक्षण शिविर, अन्तर माध्यमिक हाजिरी जवाफ प्रतियोगिता, खेमा पूजा, गुम्बाको गतिविधि सम्बन्धी फोटो प्रदर्शनी, धर्मशिला विद्वत वृत्ति प्राप्त गर्नु भएका विद्वान भिक्षु कोण्डन्यज्यूको वृहत प्रवचनको आयोजना गरिसकेका छौं। १४ गते शान्ति पदयात्राको आयोजना गरी रजत जयन्ती को भव्य समारोह सुसम्पन्न हुन गैरहेको छ।

**प्रश्न** :- बौद्ध अर्घौं सदन के कस्तो उद्देश्य राखेर स्थापना भएको हो ?

**उत्तर** :- बौद्ध अर्घौं सदन गुरुङ्गहरुको धार्मिक सामाजिक, जातिगत संस्कार, संस्कृति र परम्पराको निर्वाह, सुधार र सहयोगको लागि स्थापना भएको हो। त्यसबेला पोखरामा गुरुङ्गहरुको सख्या धेरै थिएन। गाउँबाट अस्पतालमा औषोधोपचार गर्न ल्याउँदा अस्पतालमा नै मरे भने त्यसको दाह संस्कार गर्नु नै ठूलो समस्या हुन्थ्यो। दाह संस्कार गर्नु गुरुङ्ग जातिको आफ्नै परम्परा छ। दाहसंस्कार गर्दा विशेष सम्मान साथ गर्नु पर्दछ। छोरी ज्वाई नभइ हुँदैन र मावली पक्षको पनि आवश्यक पर्छ। ती सबै पक्षलाई समेटेर, एक ठाउँमा जुटाएर संस्कार बिधि गर्न एक परदेसीको लागि असम्भव थियो। घर गाउँबाट बिरामी लिएर आएको एकजना व्यक्तिले लाश कुर्ने कि ती सबै पक्षलाई खबर गर्ने, त्यो ज्यादै ठूलो समस्या थियो, त्यस्तै समस्या हटाउने उद्देश्यले बौद्ध अर्घौं सदनको स्थापना गरिएको हो।

**प्रश्न** :- २४ वर्ष पहिलेको अर्घौं सदन र अहिलेको तुलना गर्नु पर्दा तपाई कसरी गर्नु हुन्छ ?

**उत्तर** :- त्यसबेला मानिसहरुले यसलाई लाश जलाउने एक मसानघाट जस्तै सम्झन्थे भने अहिले यसको भौतिक पूर्वाधारहरुको निर्माण भैरहेकोले आकाश जमीनको फरक भएको छ। हामीले पहिले एउटा गुम्बा बनायौं। लाश राख्ने घर, अर्घौं घर, माने घर, बत्तीजलाउने घर, डायनिङ्ग हल, किचन हल, शौचालय आदि निर्माण भैसकेका छन् भने बौद्ध अध्ययन केन्द्र र गुफा बस्ने घर तैयार हुन गैरहेको छ। पहिले यो ठाउँ सुनसान बयरघारी थियो भने अहिले धार्मिक र सामाजिक कार्यको एक केन्द्रको रुपमा यसको विकास भैरहेको छ।

**प्रश्न** :- यी सबै कामकुराहरु यति छिटै कसरी गर्नु भयो ? कोषको कस्तो बन्दोवस्त छ ?

**उत्तर** :- दाताहरु हुनुहुन्छ। सबैले आ-आफ्नो तर्फबाट सहयोग गरिरहनु भएको छ। जहाँ सम्म कोषको प्रश्न छ, केही कोषको व्यवस्था पनि छ। अहिले न्यूनी व्रत अक्षय कोष, दाह संस्कार अक्षय कोष, कंग्युर अक्षय कोष, भू.पू. सैनिक अक्षय कोष आदि छन्।

**प्रश्न** :- २४ वर्ष भन्दा पुरानो कुरा या यसको संस्थापनाका कुराहरु सम्भनु पर्दा कसरी सम्भनु हुन्छ ?

**उत्तर** :- करिब २०२७ साल तिर गुरुङ्गहरुलाई परेको समस्याको बिचार गरेर क्या. बुद्धिबल, म, क्या. बुद्धिबहादुरको एउटा समिति गठन भयो। २०३४ सालमा त्यो समिति बिधिवत र व्यापक रुपले गठन भयो। क्या. बुद्धिबलको अध्यक्षतामा गठित समितिमा मैले सचिव भै काम गरेको थिएँ भने बुद्धिबहादुर कोषध्यक्ष, टी.वी. गुरुङ्ग र श्रीमती कान्ता गुरुङ्ग सदस्य हुनुहुन्थ्यो। त्यसरी गठित समिति २०४० सालमा जिल्ला कार्यालय कास्कीमा दर्ता भएको हो। अहिले यसको सदस्य मध्ये दुइ जना साधारण सदस्य र ६९६ जना आजीवन सदस्य छन्। पहिले यहाँ लाश जलाउने काम मात्र गरिन्थ्यो भने अहिले जन्मदेखि मृत्यु पर्यन्तका सबै बिधि बिधान गरिन्छ। अर्थात क्षवर देखि संस्कार र सांस्कृतिक चाडपर्व, ल्होसार, खेमा पूजा देखि धार्मिक सामाजिक गतिविधिहरु बढ्दैछन्।

**प्रश्न** :- छोटकरीमा एक लाइनमा भन्नु पर्दा बौद्ध अर्घौं सदनको योगदान के मान्नुहुन्छ ?

**उत्तर** :- धार्मिक चेतना जागेको छ। जातीय जागरण आएको छ। लामाहरु उत्पादन भैरहेछ, यसको प्रभावले गुम्बाहरुको निर्माण भैरहेछ र देशको पूर्वतिर पनि यसको प्रभाव बढिरहेको छ।

**प्रश्न** :- यी सबै राम्रा पक्षमात्र भए, गुरुङ्ग जातिको नराम्रो पक्षवारे भन्नु पर्‍यो भने तपाई के के औंल्याउनु हुन्छ ?

**उत्तर** :- हरेकको राम्रो र नराम्रो पक्ष हुन्छ। गुरुङ्गहरुको सामाजिक बिधि व्यवहार भव्यहुँदै जानु, खर्चालु हुँदै जानु नराम्रो पक्ष जस्तो लाग्दछ मलाइ। पहिले पहिले १०/१२ वर्षमा परिवारका दुइ तीन जनाको एकै चोटी सामुहिक अर्घौं गरिन्थ्यो भने अहिले १३ दिन भित्रै अर्घौं गर्ने चलन बढ्दो छ। पैसाको होडबाजी चलेको छ। भेटीको निहुमा र दक्षिणाको नाममा, स्याई स्याईको नाममा सुनको गहना, लुगा कपडा, मोटो रकम दिने चलन बढेको छ। यस्तो खर्चालु चलनले विकृति निम्त्याउँछ। यसमा सजग र सतर्क हुनु पर्दछ भन्ने मलाई लागेको छ।

**प्रश्न** :- यो रजत जयन्तीको उपलक्ष्यमा अरुलाई सम्भनै पर्दा तपाई कस कसलाई सम्भनु हुन्छ ?

**उत्तर** :- यो एक महत्वपूर्ण प्रश्न हो। हाम्रा संस्थापकहरु र भू.पू. अध्यक्ष, पदाधिकारी र दाताहरुको सहयोगले यो यस्तो रुपमा विकशित भएको हो। उहाँहरुको म उच्च मूल्यांकन गर्न चाहन्छु। गुरुङ्ग जातिको अतिरिक्त अरुहरुको पनि यसमा योगदान रहेको छ। धर्मशिला बुद्ध बिहार सँगको निकटतम सम्बन्धले धार्मिक कुराहरु सिक्न, बुझ्न र गर्न हामीलाई सहयोग भएको छ भने अर्घौं सदन रहेको यो जग्गा उपलब्ध गराउने केही सहयोगीहरुको योगदान उल्लेखनीय रहेको छ। यस अवसरमा तात्कालीन नगर योजनाका प्लानर पदम बहादुर कार्की, तात्कालीन प्रधान पञ्च गणेश शेरचन, तात्कालीन वडाध्यक्ष अमर बहादुर कार्की, जगमान गुरुङ्ग, मुकुन्द शरण उपाध्याय, गणेशबहादुर गुरुङ्ग, सोमनाथ बराल आदिलाई सम्भनु म आफ्नो कर्तव्य सम्भन्छु।

❖❖❖

# बुद्धधर्म र नेपालका जनजाति आदिवासीको सम्बन्ध

❑ तिलकमान गुभाजू

भगवान बुद्ध नेपालमा जन्मेका, नेपालका सपुत र राष्ट्रिय विभूति हुन् । आफ्नो राष्ट्रिय विभूतिद्वारा प्रतिपादित धर्म नेपाल र नेपालीको आफ्नै धर्म हो, मौलिक धर्म हो र राष्ट्रिय धर्म हो । यो धर्मसँग हाम्रो आत्मियता, भावनात्मकता र राष्ट्रियता जोडिएको छ । त्यसैले विश्वमा बुद्ध धर्मको जति जति प्रचार प्रसार बढ्दै जान्छ, उति उति नेपाल र नेपालीको मान, सम्मान र प्रतिष्ठा पनि बढ्दै जान्छ । भगवान बुद्धको देश नेपाल भन्नुको गौरव र महत्व नै अर्कै छ हाम्रो लागि ।

बुद्धका शान्ति, मैत्री र अहिंसाको सन्देश र सिद्धान्तले विश्वका ठूल्ठूला मानिसहरु, संघ संस्था र देशहरु देखि संयुक्त राष्ट्रसंघलाई पनि प्रभावित पारेका छन् । संयुक्त राष्ट्र संघले भगवान बुद्ध जन्मेको पवित्र लुम्बिनीको विकासमा विशेष चासो राखेको छ । त्यस विश्व संस्थाले शाक्यमुनि जन्मेको, उनले बुद्धत्व प्राप्त गरेको तथा महापरिनिर्वाण भएको तीनवटा संयोग परेको बैशाख पूर्णिमाको दिनलाई सार्वजनिक विदा घोषणा गरेर विश्व शान्तिका अग्रदूतप्रति ठूलो सम्मान व्यक्त गरेको छ । त्यो कुरा हामी संपूर्ण नेपाल र नेपालीका लागि गौरवको विषय हो ।

बुद्ध धर्मलाई विश्वका धेरै देशहरुले अत्यन्त श्रद्धाका साथ मान्ने गरेका छन् । कतिपय देशहरुले यसलाई आफ्नो राष्ट्र धर्मको रुपमा नै घोषणा गरेका छन् । तर बिडम्बनाको कुरा स्वयं नेपाल र नेपालीहरुले नै यो शान्तिको धर्मलाई खुल्ला हृदयले आत्मसात गर्न सकेका छैनन् । बुद्ध जन्मेको देश नेपाल भन्न नै नसुहाउने गरी यहाँ व्यवहार भैरहेका छन् । यो अत्यन्त दुःखको कुरा हो ।

नेपालमा बौद्धहरुको जनसंख्या १०.७८ मात्र भएको सरकारी तथ्यांकले देखाएको छ । जबकी यहाँका जनजाति आदिवासी सबै भूमिपुत्रहरु बौद्ध हुन् । बुद्धधर्म र नेपालको सम्बन्ध नेपालको शुरुवात देखि नै अबिछिन्न रुपले रहि आएको छ । काठमाण्डौ उपत्यका जसलाई नेपाल भनिन्थ्यो, मा पहिले पानी पानीले भरिएको एउटा दह थियो । त्यस दहमा नागहरु बस्ने भएकाले नागदह भनिन्थ्यो । पानीले भरिएको त्यस दहमा जहाँ मानिसको बसोबास नै सभव थिएन, त्यहाँ कुनै धर्म हुनु पनि संभव थिएन र धर्म नै थिएन ।

नेपालको इतिहास अनुसार बोधिसत्व महामञ्जुश्री आएर चोभारको गल्छीबाट पानी खोलिदिए पछि नै त्यो दह उपत्यकामा परिणत भएको र मानिस बस्न योग्य भएको हो । बुद्धधर्मका महामञ्जुश्री नै त्यो पहिलो व्यक्ति हो जस्ले त्यहाँ बस्ती बसाले । उनले स्वयभू डाँडा देखि गुहेश्वरी सम्म नगर बसाले । र त्यस नगर राज्य सञ्चालन गर्न धर्माकर नामका आफ्ना अनुयायीलाई राजा बनाइ जिम्मा दिए । राजा धर्माकर ले राज्य चलाए र उनले मञ्जुश्री ले स्थापना गरेको राज्यलाई मञ्जुपतन नाम राखे र बौद्ध भिक्षुहरुकालागि बुद्ध बिहार हरु निर्माण गरिदिए । मञ्जुपतनवासीहरुले पनि आफ्ना संस्थापकको नाममा स्वयभू डाँडामा मञ्जुश्री चैत्य निर्माण गरे जसमा आज भोली पनि पूजा गर्ने गरिएको छ । मञ्जुश्रीले बस्ती बसाले पछि पहिलो पटक जुन धर्मको शुरुवात भयो, त्यो बुद्ध धर्म हो । बुद्ध धर्म नै त्यहाँको सबभन्दा पुरानो धर्म हो । त्यसबेला उपत्यकामा अरु कुनै धर्मको प्रवेश भएको थिएन ।

तैपनि केही विद्वानहरु बुद्धधर्म भन्दा पहिले त्यहाँ हिन्दूधर्म भएको जिद्दी गर्दछन् । जुन सरासर गलत

हो । एक त हिन्दू भन्ने शब्द नै त्यसबेला प्रचलित थिएन । अहिले जसलाई हिन्दूधर्म भनिन्छ, त्यसलाई पहिला
आर्य धर्म या ब्राम्हण धर्म भनिन्थ्यो । यो सबैलाई थाहा छ कि त्यसबेला नेपाल अनार्यको देश हो । यहाँका
आदिवासी जनजातिमा मूलवासी सबै मगोलियन कदका छन् । मंगोलियनहरु आर्य होइनन् । अनार्य हुन् ।
आर्यहरुको प्रवेश यहाँ धेरै पछि मात्र भएको हो। आर्यहरु नै नआएको बेलामा हिन्दूधर्म कसरी आउन
सक्छ ? त्यसलाई कसले भित्र्याउने ? यो प्रश्नको कुनै जवाफ छैन । त्यसकारणले बुद्ध धर्म भन्दा पहिला
हिन्दूधर्म उपत्यकामा थियो भन्नु मात्र मनगढन्ते र कपोलकल्पित कुरा हो । आर्य धर्म वर्तमान हिन्दूस्तानको
कुनै भूभागमा भएको हुन सक्छ। त्यसमा अन्यथा केहि भन्नु छैन । तर हिन्दुस्तानमा थियो भन्दैमा जहाँसुकै
व्याप्त थियो भन्नु तर्कसंगत हुदैन त्यसो भन्नु पछि आएर माझमा सुत्नु जस्तै हो ।

ऐतिहासिक दृष्टिले हेर्ने हो भने किरातकालमा शाक्यमुनि बुद्धको प्रादुर्भाव भएको हो । इतिहासको
समायोजन गर्दा बुद्धका समकालीन राजाको रुपमा सातौं किराती राजा जितेदास्ती मानिन्छ । जितेदास्तीके
पालामा कपिलवस्तुबाट भिक्षु आनन्द लगायतका व्यक्तिहरु उपत्यका आएका बौद्ध वाङमयमा उल्लेख छ ।

बौद्ध वाङ्मय अनुसार कपिलवस्तु र देवदह राज्यको उत्तर मंगोल जातिका मानिसहरुको राज्य
थिए । उनीहरु सबैले अत्यधिक रुचिका साथ नयाँ धर्मको रसास्वादन गरेका थिए । त्यस अघि उनीहरुले मान्ने
गरेका प्रकृति पूजा आदि काल्पनिक थियो भने भगवान बुद्धको शिक्षा र सिद्धान्त वास्तविकतामा आधारित
थियो । यत्ति प्रष्ट, सरल र व्यावहारिक धर्म पहिलो पटक पाउंदा उनीहरुले आफ्नो जीवन सार्थक भएको सम्झेका
थिए ।

भगवान बुद्धको परिनिर्वाण भएको करिब २५० वर्ष पछि सम्राट अशोक यस्तो व्यक्तित्वको रुपमा
उदय भयो कि उनले बुद्धधर्मलाई भारतमा र नेपालमा मात्र होइन विश्वव्यापी नै गरे । उनले १० वटा समूह
गरेर धर्मदूतहरु जताततै पठाई सद्धर्मको प्रचार गर्न लगाए । ती मध्ये भिक्षु मध्यम थेरा हिमाली प्रदेशमा धर्म
प्रचार गर्ने क्रममा नेपालमा आएका थिए । भिक्षु मध्यमले जहाँ सद्धर्म फैलिएको थियो, त्यहाँ त्यो धर्मलाई
अरु संगठित पारे भने धर्म प्रचार नभएको ठाउंमा प्रचार गर्ने गरे । उनले काठमाण्डौ उपत्यकामा मात्र होइन,
डाँडा काँडा लगायतका यात्रा गरी सद्धर्मको प्रचार गरेका थिए । सम्राट अशोकको त्यस्तो दिग्विजय भएको
बेलामा उनको दूतको आगमन यत्ति प्रभावशाली रह्यो कि कतिपयले नतमस्तक भएर सद्धर्म अंगालेका
थिए ।

त्यसमा पनि भगवान बुद्धको जन्मस्थल नेपाल त यस्तो ठाउँ भयो जहाँ स्वयं सम्राट अशोक २/२
पटक आएका थिए । उनी आफ्ना गुरु उपगुप्तका साथ लुम्बिनी आएर शाक्यमुनि बुद्धको जन्मस्थल यही हो
भन्ने अंकित गरेर ढुङ्गाको स्तम्भ गाड्न लगाई लुम्बिनी, कपिलवस्तुको दर्शन गरे । त्यसै क्रममा उनी स्वयंभूको
दर्शन गर्न उपत्यका पुगे । इतिहासको समायोजन गर्दा उनी पुगेको बेला नेपाल खाल्डोमा त्यसबेला १५ औं
किराती राजा स्थुम्कोले शासन गरिरहेका थिए । उनी पुग्दा नव पल्लवित धर्मले राम्ररी प्रचार पाएको
थियो । उनी खुशी भए । उनले आफ्नी छोरी चारुमतिको विवाह त्यहिका राजकुमार देवपाल संग गरिदिए ।
चारुमतिले आफ्नो पतिको नामबाट देवपाटन नगर पनि बसाले । उनी पछि भिक्षुणी भइन् र उनले बिहार पनि
बनाए । जुन बिहारलाई चारुमति बिहार भनिन्छ ।चारुमतिको नामबाट त्यस ठाउँको नाम चावहिल रहन गएको
हो । त्यसैबेला ललितपुरको पाँच ठाउँमा अशोक स्तूपहरु निर्माण गरिएको कुरा पनि उल्लेखनीय छ । ललितपुर
लाई त्यस पछि अशोकपतन भनियो । त्यहाँ धेरै स्तूप र विहारहरु निर्माण गरिएका थिए । सम्राट अशोकको
नेपाल आगमन यति प्रभावकारी रह्यो कि त्यसबेला कुन राज्य र को व्यक्ति बौद्ध थिएन भनेर खोज्नुपर्ने विषय
भयो । बुद्धधर्म नेपालमा चमत्कारीकरुपले फैलिएको थियो ।

किरात कालदेखि लिच्छवी कालसम्म आउँदा बुद्ध धर्मको धेरै प्रचार भएको थियो । त्यसबेला धर्ममात्र होइन, चित्रकला, मूर्तिकला, बास्तुकला सबै पक्ष बौद्धमय भएको थियो । आर्थिक उन्नति राम्रो थियो । त्यसैले नेपालको इतिहासमा लिच्छवीकाललाई नेपालको "स्वर्ण युग" पनि भनिन्छ ।

त्यही बेला अंशुवर्माले आफ्नी छोरी भृकुटीलाई तिब्बतका राजा श्रङचङगम्पो सँग बिवाह गरी दिए । छोरीलाई दाइजो स्वरुप राजाले बुद्धका र बोधिसत्वका कलात्मक मूर्तिहरु पठाएका थिए । बुद्धधर्मको व्यापक प्रचार भएको त्यसकालमा नेपालले के-कति उन्नति गरेको थियो भन्ने कुरा कलाकार अरनिकोको जीवनीबाट पनि प्रष्ट हुन्छ । यहाँका किशोर अरनिकोले तिब्बत र चीनमा गएर अद्वितीय गुम्बा बनाएर नाम कमाए । विदेशमा गएर नाम कमाउने उनी पहिलो नेपाली हुन् । त्यसबेला नेपालको यश र कीर्ति देश विदेशमा पनि फैलिएको थियो ।

नेपालमा बुद्धधर्मका जति प्राचिन चैत्य स्मारक आदि भेटिन्छन्, त्यति पुरानो स्मारक, स्मारकका अवशेष आदि अन्य कुनैपनि धर्मका पाइएका छैनन् । प्राचीनता नाप्ने मापदण्ड मध्ये इतिहास, पुरातत्व, पुरातात्विक अवशेष र भग्नावशेषहरु हुन् । नेपालका स्वयम्भू चैत्य, ललितपुरका अशोक स्तुपहरु, चारुमति बिहार, लुम्बिनीको अशोक स्तम्भ, मायादेवी मन्दिर उत्खनन गर्दा पाइएका मार्कर स्टोन, कपिलवस्तु स्थित गोटिहवा र निग्लिहवामा पाइएका स्तम्भहरु, पुरातात्विक सामग्रीहरु देखि नवलपरासी जिल्लाको रामग्राम स्तूप कम से कम २२०० वर्ष भन्दा पुरानो भएको प्रमाणित भएका छन् । त्यत्तिका पुरानो स्मारक या अवशेष कुनै धर्मको पनि पाइएको सार्वजनिक भएको छैन । त्यसैबाट प्रमाणित हुन्छ कि बुद्ध धर्म नै यहाँको सबभन्दा पुरानो धर्म हो ।

इतिहासको यत्ति कालखण्डको अध्ययन गरेमा पनि बुद्धधर्म र नेपालको सम्बन्ध के कस्तो रहेको छ भन्ने प्रष्ट हुन्छ । नेपाल शाक्यमुनि बुद्धको मात्र जन्मस्थल होइन, त्यस अघिका कतिपय बुद्धहरु पनि वर्तमान नेपाल क्षेत्र भित्र नै जन्मेका थिए । कनकमुनि बुद्ध, ककुछन्द बुद्ध कपिलवस्तुको निग्लिहवा र गोटिहवामा जन्मेको कुरा त्यहाँ फेला पारिएका स्तम्भहरुले प्रमाणित गरी देखाइ दिएका छन् । त्यसबेला बुद्ध धर्म यस्तो किसिमले फैलिएको थियो कि त्यसबेला सबै बौद्ध भएका थिए ।

त्यसबेला बौद्ध भएका जनजाती र समूहमा आजपनि कही न कही त्यसको लक्षण देखिएका छन् । जनजाति आदिवासीहरुको सोझोपना, झूठो नबोल्ने बानी, समानतामा आधारित समाज, वर्णाश्रम भित्र नपरेको उनीहरुको जाति, भोट बर्मेली भाषा परिवार अन्तर्गत पर्ने भाषाको प्रयोग, दक्षिणतिरको बिधर्मीहरुद्वारा अप्रभावित संस्कृति र भेषभूषा आदि नियाल्दा उनीहरु सबै बौद्ध थिए भन्ने प्रष्ट हुन्छ । उनीहरुको समाजमा पहिले भएको बिवाहवारीको प्रथाले पनि त्यो कुरा प्रमाणित गर्दछ । उनीहरु बौद्ध भएका मात्र होइनन्, बुद्ध धर्मको प्रचारमा पनि उनीहरुले सघाउ पुऱ्याएको कुरा इतिहासमा उल्लेख छ ।

गुरुङ मगरको मात्र चर्चा गरौं भने पनि त्यस्तो धेरै उदाहरण पाइन्छन् र आज भन्दा एक हजार वर्ष भन्दा पहिले ने.स. ११९ मा गण्डकी गुल्म अथवा गुल्मी निवासी सुवर्णकार राना (मगर) ले सारेको संस्कृत भाषाको अष्ट साहस्रिका प्रज्ञापारमिता नामक बौद्ध ग्रन्थ भारतीय विद्वान राहुल सांस्कृत्यायनले तिब्बतको डोर गुफामा फेला पारेका थिए । ने.स. २१३ र २८५ मा गुल्मीमै सारिएका अरु पनि ग्रन्थहरु पाइएका छन् । गुल्मीमा मात्र होइन, लमजुङ्गका गंगा राना (मगर) ले ने.स. १८९ मा सारेका अष्ट साहस्रिक प्रज्ञापारमिता पनि राहुलले डोर गुम्बामा नै फेला पारेका थिए ।

गुरुङ्गहरु १५०/२०० वर्ष पहिले पनि बुद्धधर्म प्रति अगाढ श्रद्धा राख्दथे । उनीहरु बुद्धधर्मप्रति अत्यन्त

प्रतिबद्ध थिए। गोर्खाका शुकदेव गुरुङ्गले जंगबहादुर ले गरेको हिन्दूकरणमा चित्त नबुझाइ आफूलाई "नौ सरकार बौद्ध बादशाह" भएको घोषणा गरेका थिए । तर उनले काम देखाउनै नपाई राणा प्रधानमंत्री जंगबहादुरद्वारा उनी पक्राउ परे र जेलमा नै उनको निधन भयो। उनी पछि फेरि सुमति गुरुङ्गले पनि आफूलाई बौद्ध बादशाह घोषणा गरेका थिए। राणा प्रधानमंत्री रणोदिप सिंहले उनलाई पक्राउ गर्न ठूलो प्रयास गरे, तर सकेनन्। ती कुरा गुरुङ्गहरुको बुद्धप्रतिको ठूलो प्रतिवद्धता मान्नु पर्दछ। त्यति मात्र होइन, उनीहरुले पटक पटक प्रशासनको निर्णयको पनि चुनौति दिने गर्दथे। एकताका गुरुङ्गहरुले चाक चकुई अपुताली माझमा राजी छौं, तर बाहुन पुज्नमा राजी छैनौ भनेर सलामी नबुझाएको पनि इतिहासमा धेरै चर्चा छ।

गोर्खामा पछिसम्म पनि घले राजाहरु भएको शाहवंशको इतिहासले पनि देखाएको छ। त्यहाँ पुरानो प्रख्यात ताघवाइ गुम्बा थियो। पश्चिमका आदित्य मल्लके १३७८ को ताम्र पत्रमा बुद्धको लागि सैनिकहरु आउँदा जाँदा उक्त गुम्बालाई घच्च नलगाउनु भनेर आदेश जारी गरेको थियो। त्यसबाट गुरुङहरुको त्यस गुम्बाको के कति महत्व थियो भन्ने प्रष्ट हुन्छ।

त्यसबेला काठमाण्डौ, लमजुङ्ग, गुल्मीमा मात्र बुद्ध धर्म फैलिएको होइन, पश्चिम नेपालको कर्णाली प्रदेशमा पनि उत्तिकै प्रचार भएको थियो। लिच्छवीकालीन लिपिमा बौद्ध मन्त्र अंकित माटोका चक्कीहरु बागलुङ्ग र जुम्लामा समेत पाइनु, सेन वंशकालमा प्रख्यात बुटवलको सैनामैनामा औं मणि पद्म हुं अंकित मध्यकालीन अभिलेख पाइनुले बुद्धधर्मको फैलावट र व्यापकतालाई प्रष्ट पार्दछ। कर्णाली प्रदेशका नागराजाहरु, खसराजाहरु देखि मल्ल राजाहरु सबै बौद्ध थिए। क्राचल्ल मल्ल, रिपु मल्ल को जीवनी र त्यस क्षेत्रमा भएका काक्रे बिहार, पञ्च देवल देखि ताम्रपत्र आदिमा बुद्धधर्म संघलाई साक्षी राख्ने प्रथाले सद्धर्मको ख्यातीलाई छर्लंग्याउछ।

इतिहासका यस्ता सत्य र तथ्य एकातिर छन् भने आफू पराजित भएपछि र पराधिन भए पछि अपनाएको अझ भनौ भने अपनाउन बाध्य भएको धर्म संस्कृति र संस्कार लाई "पुर्खाहरुले मान्दै आएको" भन्दै कोही उत्तर फर्कने र कोही दीक्षण फर्कने जनजाति आदिवासीहरु देख्दा धेरै मानिस आश्चार्य मान्दछन्। नेपाल र नेपालीत्वमा गर्व गर्ने हो भने धर्म, संस्कार र संस्कृतिको लागि उत्तर र दक्षिण फर्कनु कदापी उचित होइन। आफूलाई एकातिर नेपालका आदिवासी भूमिपुत्र पनि भनाउन खोज्छन् भने अर्कोतिर बाहिरबाट आएको प्रमाण पनि देखाउन चाहने दोहोरो मापदण्डले गर्दा उनीहरुको स्थिति नै खस्कने संभावना पनि छ। यसमा उनीहरु सजग र गम्भीर हुनु पर्दछ।

त्यो कुरा एकातिर पन्छाएर भन्नुपर्दा आज जनजाति आदिवासीहरु संपूर्ण प्रायले आफूलाई बौद्ध धर्मावलम्बी भन्दैछन्। बुद्धका जन्मभूमीका हामीहरुले आफूलाई बौद्ध भन्नु एउटा गौरवको कुरा पनि हो। जति बौद्ध भन्दा हाम्रो शीर उच्च हुन्छ, उति अरु धर्मको नाता जोड्दा हुन सक्दैन। राष्ट्र, राष्ट्रियताको यतिको बोलबाला भएको अवस्थामा आफ्नो राष्ट्रिय विभूतिद्वारा प्रतिपादित धर्ममा लाग्नु राष्ट्र र राष्ट्रियता प्रतिको प्रतिवद्धता पनि हो। यो कुरालाई पनि विशेष ख्याल राख्नु पर्दछ।

साथै जसले आफूलाई बौद्ध भन्दैछन्, उनीहरुले पनि केही कुराको ख्याल राख्नु आवश्यक छ। धर्मको कुरा गर्दा बौद्ध भन्नु मात्र पर्याप्त हुदैन, क्रमश: बुद्धधर्म अनुसारको आचरण र व्यवहार पनि गर्न सक्नु पर्दछ। १०० / २०० वर्ष यता देखि हामीमा जुन गैर बौद्ध क्रियाकलापहरु घुसेका छन्, तिनीहरुलाई फालेर हामी पूर्ववत अवस्थामा पुग्नु पर्दछ अर्थात सच्चा बौद्ध बन्न सक्नु पर्दछ। यो हाम्रो लागि चुनौति पनि हो। यो समयको माग हो र यसलाई पूरा गर्न सक्नु पर्दछ। यसैमा सबैको कल्याण छ।

❖❖❖

# Is Buddhism Atheism ?

✍ Harischandra Lal Singh

There is a lot of controversy about whether Gautam Buddha, the founder of Buddhism, was atheist. For, Buddhists are not convinced of the omnipresence, omniscience, omnipotence of an Almighty god above man whom he should fear, obey and love. Buddha's advice is to fear none and instil fear in none. There are people who say that a human being could not be a founder of a religion unless he declared that he was the son of a God, or a prophet of God and therefore many people even today are reluctant to accept the Buddha as a religious teacher. There is also an argument that buddhism cannot be called a religion in the traditional sense of the term. The reason given is: the very term 'religion' presupposes belief and faith in God, His numerous manifestations, sacred words and scriptures extolling great powers of God. Buddhism is very much against it.

The Buddha did not believe in God. He knew many many things about the secrets of the world. But he did not talk much about them. As he was much concerned with the misery of man he thought it futile to talk about high philosophies. He wanted to alleviate the sufferings of man. He wanted man to be free from dogmatism, bigotry and any thinking not based on reason and ethics. He wanted to uplift the position of man from the position of a plaything in the hands of God. It is because of his great compassion for the suffering mankind that he did not talk of high philosophies but only taught the practical ways of delivering themselves from the vicious circle of life and the ways of leading the enabler life which will finally lead them to the path of salvation. Buddhadasa P. Kirthisinghe says, "The Buddhist looks up to the Buddha, the Awakened or Enlightened One, who saw the misery of the world, the dire conditions under which man live, who is ill, poor and subject to adversity and death. He wanted to make man happy, wanted to help him out of the pain and suffering which he encounters. He wanted to show him the way to nirvana or lasting bliss ....... This, the Buddha did, not by requiring man to believe in a supernatural being, a God, or even in himself, though nearly perfect that he was."

Buddhism is labelled as atheism because in Buddhism there is no faith to accept them. It is these things divine authority, dogma, and blind faith-which make Christianity and virtually every other religion incompatible with science. But Buddhism does not have them. Instead, it honours the same authority as science, that of immediate experience, observed with unqualified attention and emotional detachment. The Buddha believed that all human miseries are caused by or selfish ambitions. The Buddha said, "I know nothing about the mystery of God, but I know something about the misery of man."

I have tried to understand the concept of god as contained in religions like

christianity, Hinduism, Islam, Jainism and Buddhism. With approaches varying to various degrees, Christianity, Islam and Hinduism ascribe a special role to God. God is considered to be omnipresent, omniscient and omnipotent. Hindus consider God to be the supreme reality, The source of all eternal values and the highest goal to be attained. In Christianity, the highest goal is the establishment of universal fatherhood of God. The revolution which Jesus intended to usher into the world was expressed by his favourite phrase "The Kingdom of God." Islam, on the other hand, means submission to the will of God, the Alah. It is, therefore a religion of self-surrender, acceptance of the revelations and following the commands of God.

Except Buddhism and Jainism, all the other religions overwhelmingly believe in the existence of God. They believe that everything in this world is the manifestation of God and His Spirit. In Buddhism and Jainism, there is no higher place for God. Both the religions say that man is the maker of his destiny. Both the religions are not prepared to accept God as the Creator, roler and the ultimate end of the world. The Buddha was a realist at par excellence. He did not believe in anything unless he himself experienced. So, the Buddha was not, a blind follower, a dreamer and metaphysician. Because he was a realist he saw the futility of talking about deeper secrets of the world and the existence of God.

For, he thought that there were so many works to do for man than merely contemplate or speculate on deeper issues of life. So, the Buddha said, "Reading the Vedas, making offerings to priests, or sacrifices to the gods, self-mortification by heat or cold, and many such penances performed for the sake of immortality, these do not cleans the man who is not free from delusions."

Because the Buddha was a realist, a rationalist thinker and non-believer, there was and is still much controversy about the atheistic aspect of Buddhism. It has already been noted that the Buddha never spoke against God. The question arises, why the Buddha did not speak much about God at a time when theism was the rule and order of the day? The reason is not far to seek. He saw the misery of man and the evils done to man by the cycle of ritualism, ceremonies, sacrifices created by the Vedas, the Upanishads and other Hindu scriptures. The Buddha saw that man's mind was diverted from his immediate problems and his pursuit of higher and nobler life. Dr. Servapalli Radhakrishnan quotes from the buddhacaritra as a saying, "As for your saying that for the sake of Dharma, I should carry out the sacrificial ceremonies which are customary in my family and which bring the desired fruit, I do not approve of sacrifices for, I do not care for happiness which is sought as the price of other's sufferings." It is the Buddha's concern for the immediate problems of man and the path shown by him to liberate man from the sufferings of daily life, and to enable him a nobler and virtous life that gives modern relevance to Buddhism appealing most to the modern mind. This is also the reason why a lot of study on buddhism is going on in the world.

The Buddha was a believer in Karma, action or productive intentional actions, intended for physical, moral and spiritual development of man. All that we are is the result of what we have thought: it is founded on our thoughts, it is made up of our thoughts. If a man speaks or acts with a pure thought, happiness follows him, like shadow that never leaves him. This had greatly to do with or in conformity with natural laws, the laws of cause and effect. One reaps what one has sown, Every action, i.e., cause, has its result, i.e., effect. God's existence is not proved. So its presence is not proved. Therefore, it is futile to discuss about the existence of God, to speculate about God and the like. He saw man's position reduced to insignificance becoming merely a plaything in the hands of gods and goddesses.

Thus, for the first time, the Buddha proclaimed a salvation which each man could gain for himself and by himself. Thus, for the first time, man's position was raised considerably. The Buddha was a realist. He saw things as they came and as they existed. The Buddha was more than a realist. He head foresight, a compassionate mind and loving heart. This is evident from the fact that he, even after attaining supreme enlightenment, made a ceaseless journey meeting people in all walks of life and preaching his teachings to alleviate their sufferings.

So, the Buddha was a realist, a believer in action and not a mystic and a dreamer. His conception of God can be conceived in this line. "Unlike most of the other prophets, he made no claim that god was speaking through him. He did not bribe his people to do good by promising them future rewards in heaven or by threatening them with punishments in hell. He refused to base his moral code upon supernatural sanctions of any kind. He believed that man must rid himself of his egotistical quest for a blissful life after death.

The Buddha was a seeker of truth like a researcher and scientist. He was not much against the belief in God as he was against the evils caused by theism, dogmatism. Bigotry in terms of crippling the mind of man. Time and again he asked his followers not to believe in anything even of God, the sacred writings contained in the Vedas, Upanishads and the other without testing. So far as I understand, no other religions have given this message. This is the originality as well as versality of Buddhism. Call it atheism or anything you like. This is it .

Delivering a lecture on Vedanta in London in November, 1896, Swami Vivkananda said, "I would like to see moral men like Gautam Buddha, who did not believe in a Personal God or a personal soul, never asked about them but was a perfect agnostic, any yet was ready to lay down his life for anyone, and worked all his life for the good of all, and thought only or the good of all." In the same lecture, he asked, "Do you think we are so moral as the Buddha?" Will the atheists care to answer this question?

❖❖❖

# धर्म संघ बुद्ध विहारको पुनर्निर्मित भवनको उद्घाटन र प्रतिष्ठा पूजा

पोखरा मोहरियाटोल स्थित धर्म संघ बुद्ध विहारको पुनर्निर्मित विहारको प्रतिष्ठा पूजा र उद्घाटन एक विशेष कार्यक्रमको आयोजना गरी मंसिर ७ गते सम्पन्न भयो । कुल १६ लाख ४१ हजार ३ सय रुपैया खर्च गरी निर्माण गरिएको सो विहारको भुईं तलामा भजन कीर्तनको लागि एक हल, कार्यालय, शौचालय र रेखदेख गर्ने व्यक्तिको लागि कोठा निर्माण गरिएको छ भने माथिल्लो तल्लामा बैठक कक्ष, सभाकक्ष, अतिथि कोठा, भान्सा कोठा र शौचालय निर्माण गरिएको छ । माथिल्लो छतमा पञ्चबुद्धको मूर्ति सहितको चैत्य धर्मधातु, वज्र, चक्र सभव बुद्धको मूर्ति प्रतिस्थापित गरिएको छ । बज्रयानी परम्पराको यो विहार २०१३ सालमा स्थापना गरिएको हो । यसमा शाक्य वज्राचार्यहरुको चुडाकर्म र इहि गर्ने गरिन्छ ।

नव निर्मित विहारको प्रतिष्ठा पूजा बुद्धिमान गुभाजूद्वारा सम्पन्न गरिएको थियो भने उद्घाटन विहारका संस्थापक तथा समाजका थकाली नायो चन्द्रमान वज्राचार्यले गर्नु भएको थियो । सो अवसरमा भिक्षु आनन्दले बौद्ध झण्डोत्तोलन गर्नु भएको थियो ।

समारोहमा क्षेत्रीय प्रशासक बालकृष्ण प्रसाईले विहारद्वारा प्रकाशित स्मारिकाको लोकार्पण गर्नु भएको थियो ।

समारोहमा संस्थापक तथा भूतपूर्व अध्यक्ष चन्द्रमान बज्राचार्य र भूतपूर्व अध्यक्ष वेदमान गुभाजूलाई उहाँहरुले संस्थामा लामो समय रही संस्थाको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनु भएकोमा अभिनन्दन गरिएको थियो । वज्राचार्य परम्परा अन्तर्गत गरिएको अभिनन्दन कार्यक्रममा अभिनन्दित व्यक्तित्वहरुलाई फूलको माला पहिराएर सेतो कपडाको फेटा गुथाएर तथा समाजका नकिहरुद्वारा दहि, फलफूलको सगुन दिनुका साथै भिक्षु आनन्दले अभिनन्दन पत्र प्रदान गर्नु भएको थियो ।

त्यस अवसरमा मंगलाचर पाठ गर्नुका साथै मंगल धुन पनि बजाइएको थियो ।

त्यस्तै गरी सचिव पदमा रही लामो समय काम गर्नु भएका वर्तमान अध्यक्ष कुलामान बुद्धाचार्य र कार्य समितिमा निरन्तर लामो समय काम गर्नु भएकोमा गर्भ कुमार वज्राचार्यलाई कदरपत्र प्रदान गरिएको थियो ।

समारोहमा भवन निर्माण समितिका सयोजक भरत शाक्य, भवनको नक्सा, स्टीमेट तयार गरिदिनु भएकोमा नारायणगढ निवासी किरण वज्राचार्य र समयमै भवन निर्माण कार्य पूरा गरिदिनु भएकोमा ठेकेदार गणेश वज्राचार्यलाई प्रशंसापत्र प्रदान गरिएको थियो । भवनको कलात्मक झ्याल निर्माण गर्न आवश्यक रकम संकलन गरी सहयोग पुऱ्याएकोमा बौद्ध उपासिका संघलाई पनि प्रशंसापत्र प्रदान गरिएको थियो । उक्त प्रशंसा पत्र संघको वर्तमान अध्यक्ष रुकु शाक्यले ग्रहण गर्नु भएको थियो । त्यस्तै उपासिका संघको सो कार्यमा चन्दा दिएर सहयोग पुऱ्याएकोमा सबै चन्दा दाताहरुलाई संघको तर्फबाट प्रशंसापत्र प्रदान गरिएको थियो । सो प्रशंसापत्र संघका पूर्व सचिव चन्द्रलक्ष्मी गुभाजूले ग्रहण गर्नु भएको थियो ।

साथै समारोहमा आफ्नो मातापिता स्व.वेनकुमारी तथा स्व.खिलेन्द्रमान बुद्धाचार्यको स्मृतिमा बुद्ध मूर्ति, मार्वल ओछ्याउने र मूल गेट निर्माण गरिदिएकोमा उहाँका छोराहरुलाई दिइएको प्रशंसापत्र जेठो छोरा शेरमान बुद्धाचार्यलाई, आफ्ना पिताजी स्व.हरिकुमार बज्राचार्यको स्मृतिमा छतको चैत्य आदि निर्माण गरिदिनु भएकोमा उहाँका छोराहरुलाई दिईएको प्रशंसापत्र गर्भकुमार वज्राचार्यलाई, २०४० सालमा विहारको पछाडी आफ्ना दिवगत मातापिताको स्मृतिमा कोठा निर्माण गरिदिनु भएकोमा पुस्करमान बुद्धाचार्यलाई दिवगत कृष्णवहादुर शाक्य र श्रीमती तुल्सीमाया शाक्यको नाममा पुस्करमान बुद्धाचार्य र लाल बहादुर गुभाजूले रु. १,००,०००/- प्रदान गर्नु भएकोमा पुस्करमान बुद्धाचार्यलाई प्रशंसापत्र प्रदान गरिएको थियो ।

समारोहमा भिक्षु आनन्दले भगवान बुद्धको शिक्षाको महत्व बुझेर पश्चिमाहरुले पनि ग्रहण गरीरहेको उल्लेख गर्दै नेपालीहरुले बुद्ध शिक्षा छिटो बुझ्नु आवश्यक छ भन्नु भयो । उहाँले हत्या, हिंसा, आतङ्क र तनावले भरिएको विश्वमा मानिसहरु सन्तोषले सुत्न पनि पाइरहेका छैनन् भन्दै कोलाहलमय वातावरणलाई परिवर्तन

गर्न बुद्धको शान्ति सन्देश अति आवश्यक भएकोमा जोड दिनु भयो ।

पश्चिमाञ्चलका क्षेत्रीय प्रशासक बालकृष्ण प्रसाईले बुद्धको शिक्षा, सिद्धान्त हिजोभन्दा आज महत्वपूर्ण भएको वताउनु भयो भने पोखरा विश्वविद्यालयका रजिष्ट्रार प्रकाशमान गुभाजूले शान्ति स्थापना गर्ने एउटा मात्र आधार मैत्री, करुणा र अहिंसा हो भन्नुभयो ।

समारोहमा राज सभाका सदस्य गणेश वहादुर गुरुङ्ग, प्रमुख जिल्ला अधिकारी देवी प्रसाद भट्टराई र बौद्ध अर्घौ सदनका अध्यक्ष क्या. उमर ध्वज गुरुङ्गले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो ।

सद्धर्म सभाका अध्यक्ष कुलामान बुद्धाचार्यको सभापतित्वमा भएको समारोहमा भवननिर्माण समितिका संयोजक भरत शाक्यले भवन निर्माणको प्रतिवेदन, सचिव श्याम शाक्यले संस्थाको गतिविधि माथि प्रकाश र स्वागत समितिका संयोजक मोतीमान शाक्यले स्वागत भाषण गर्नु भएको थियो ।

सभाको शुरुमा भिक्षु श्रद्धानन्दले पञ्चशील प्रदान गरी बुद्ध पूजा गर्नु भएको थियो । समारोहमा लामाहरु, अनगारिका कर्मशिला, ज्ञानोदय बुद्धविहार बाग्लुङ्गका अध्यक्ष मुकुन्दराज शाक्य लगायतका महानुभावहरुको उपस्थिति थियो । समारोहको सञ्चालन उत्तममान बुद्धाचार्यले गर्नुभएको थियो । उक्त भवनको शिलान्यास २०५८ सालमा सभाका तात्कालीन अध्यक्ष वेदमान गुभाजूले गर्नु भएको थियो ।

## भिक्षु कोण्डन्यलाई धर्मशिला विद्वत वृत्ति प्रदान

पोखरा/काठमाण्डौं भृकुटी भण्डपस्थित बुद्धविहारका भिक्षु कोण्डन्यलाई दिवगत अनगारिका धर्मशिलाको १६औं पुण्यतिथि तथा कठिनोत्सवको उपलक्ष्यमा सयुक्त रुपमा आयोजित समारोहमा वयोवृद्ध भिक्षु सुभद्रले धर्मशिला विद्वत वृत्ति अंकित प्रमाणपत्र प्रदान गर्नु भयो । समारोहमा विद्वत वृत्तिको राशी रु. १५ हजार नगद उहाँलाई संस्थापिका अनगारिका कर्मशिलाले प्रदान गर्नु भएको थियो ।

उक्त विद्वत वृत्ति आफ्ना अग्रज अनगारिका धर्मशिलाको नाममा अनगारिका कर्मशिलाले स्थापना गर्नुभएको हो । विद्वत वृत्ति प्राप्त गर्ने व्यक्तित्वले एक वर्ष वृत्ति व्यवस्थापन समितिले तोकेको वेलामा प्रवचन गर्नु पर्ने प्रावधान राखिएको छ । सो प्रवचन गर्ने सम्बन्धमा समिति र भिक्षु कोण्डन्यका वीच सहमति भएको छ ।

विद्वत वृत्ति ग्रहण गर्दै भिक्षु कोण्डन्यले राम्रो परम्पराको थालनी भएका वताउदै पोखराले हरेक क्षेत्रमा काँचुली फेर्दै छ भन्नु भयो । उहाँले बुद्धको देश शान्तिको देश हुन पर्ने त्यो हुन नसकेको चर्चा गर्दै हामीले यहाँ धेरै गर्नु बाँकी छ भन्नु भयो । उहाले विद्वत वृत्ति व्यवस्थापन समितिसंग भएको सहमति अनुसार आफूले यहाँ आएर धर्म देशना, प्रवचन गर्न तैयार भएको र यस्तो अवसर पाएकोमा आफूलाई खुशी लागेको वताउनु भयो ।

भिक्षु आनन्दले कठिन उत्सवको वारेमा धर्म देशना गर्दै भगवान बुद्धले आफ्नो शिक्षा आँखा चिम्लिएर मान्नु पर्दछ भनी कसैलाई जोडदिनु भएन भन्दै उहाले आएर हेर, विश्वास लाग्छ कि लाग्दैन परीक्षण गर भनेर स्वतन्त्रता दिएको छ भन्नु भयो ।

समारोहमा पोखरा विश्वविद्यालयका रजिष्ट्रार प्रकाशमान गुभाजूले विद्वत वृत्तिको यो व्यवस्थाले पोखराको एउटा अभाव पूर्ति गर्नेछ भनी विश्वास व्यक्त गर्नु भयो ।

वौद्ध अर्घौ सदनका अध्यक्ष क्या. उमरध्वज गुरुङ्गले भिक्षु कोण्डन्यलाई शुभकामना प्रदान गर्दै यो व्यवस्थाले आफ्नो संस्थालाई पनि फाइदा हुने कुरा वताउनु भयो ।

नेपाल लामा संघका अध्यक्ष लामा गोपाल गुरुङले भिक्षुहरुले आफूहरुलाई धर्मको कुरामा गाइड गर्नु पर्ने कुरा वताउनु भयो ।

धर्मशिला विद्वत वृत्ति व्यवस्थापन समितिका अध्यक्ष भिक्षु श्रद्धानन्दको अधयक्षतामा भएको कार्यक्रममा भिक्षु सघ रक्षितले कठिन दानवारे प्रकाश पार्नुभएको थियो भने तिलकमान गुभाजुले भिक्षु कोण्डन्यको परिचय

दिनु भएको थियो । स्वागत भाषण अनिता ताम्राकारले गर्नु भएको थियो ।

कार्यक्रम बौद्ध उपासिका संघ र धर्मशिला विद्वत वृत्तिको संयुक्त आयोजनामा भएको थियो । उपासिका संघका अध्यक्ष सन्तलक्ष्मी बुद्धाचार्य लगायतका पदाधिकारी, सदस्यहरुले चिवर दान, अष्ट परिस्कार दान गर्नु भएको थियो ।

## सुगतपुर विहारमा अष्टपरिष्कार र कल्पवृक्ष दान

पोखरा/नुवाकोट जिल्लाको त्रिशुली वजार स्थित सुगतपुर विहारमा भारतवाट आउनु भएका भिक्षु धम्मपाल र भिक्षु सुदर्शनले वर्षावास पुरागर्नु भएको उपलक्ष्यमा गत कार्तिक ४ गते एक विशेष समारोहको आयोजना गरियो । उपासक झलकराज बज्राचार्य र उपासिका ज्ञानीमाया महर्जनले अष्टपरिस्कार दान दिनु भएको थियो भने अन्यदाताहरुले चिवर, कल्पवृक्ष दान गरेका थिए ।

२००७ सालमा भिक्षु धम्मालोक महास्थविरद्वारा स्थापित सुगतपुर विहारको उन्नति र बुद्धधर्मको चिरस्थायीका लागि अविछिन्न प्रयास गर्दै आउनु भएका चारजना उपासक उपासिकाहरुलाई समारोहमा अभिनन्दन र कदरपत्र प्रदान गरिएको थियो ।

२००८ सालमा रत्नदेव शाक्यको अध्यक्षतामा गठित सुगत बौद्ध मण्डलमा २०४८ साल सम्म सचिव पदमा रही अटुट सेवा गर्नु भएका बौद्ध विद्वान धर्मरत्न शाक्यलाई र २०३८ सालमा सुगतपुर विहार दायक परिषद गठन भएको २०५८ सम्म सचिव पदमा रही अक्षय कोष स्थापन, विहारको पुनर्निर्माण लगायत ध्यानागार निर्माणका संयोजक भै महत्वपूर्ण योगदान पुऱ्याउनु भएका सुगत बौद्ध मण्डलका अध्यक्ष वोधिरत्न शाक्यलाई अभिनन्दन गरिएको थियो भने पुन्ही गुठी र सुगतपुर विहारका संस्थापिका श्रीमती इन्द्रमाया शाक्य तथा सुगतपुर विहार दायक परिषदमा रही चतुप्रत्ययद्वारा सेवा गरिदिनु भएका त्रिशुली शाक्य समाजका जेष्ठ नारी श्रीमती मोहनमाया शाक्यलाई कदरपत्र प्रदान गरी गरिएको थियो । उहाँहरुलाई भिक्षु धम्मपालले दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो ।

त्यस अवसरमा भिक्षु धम्मपालले वुद्ध धर्मको महत्व माथि प्रकाश पार्द बुद्धको शिक्षा र सिद्धान्त आजको विश्वको लागि एक मार्ग दर्शन भएको उल्लेख गर्नु भयो । उहाँले बुद्ध धर्मको सेवा गर्नु भएका सम्मानित व्यक्तित्वहरु प्रति हार्दिक शुभकामना व्यक्त गरी उहाँहरुको सुख, सु-स्वास्थ र चिरायुको कामना गर्नु भयो ।

सुगत बौद्ध मण्डलका अध्यक्ष शाक्यले अष्ट परिस्कार दान र कल्प वृक्षदानको महत्वबारे प्रकाश पार्नु भएको थियो । उहाँले भगवान बुद्धले आफ्नी आमाको मुक्तिको लीग त्रयोत्रिंस भूमिमा पुगेर अभिधम्म देशनागरी मोक्ष प्रदान गरेको पनि उल्लेख गर्नु भयो ।

सो समारोहमा दायक परिषदका अध्यक्ष रत्नवीर शाक्य, युवक बौद्ध मण्डल तथा धर्मोदय सभा त्रिशुलीका अध्यक्ष प्रदीप रत्न शाक्य, दायक परिषदका उपाध्यक्ष तेज बहादुर शाक्यले पनि बुद्ध धर्म, अष्टपरिस्कार दान र कल्प वृक्षदानका विविध पक्षवारे वारे प्रकाश पार्नु भएको थियो । समारोहको शुरुमा वर्षावास वस्न भारत वाट आउनु भएका भिक्षु सुदर्शनले शील प्रार्थना र बुद्ध पूजा गराउनु भएको थियो ।

सभाको सञ्चालन परिषदका सचिव पुरुषोत्तम शाक्यले गर्नु भएको थियो ।

## वाचन र श्रवण कार्यक्रम

विराटनगर/उदयमार्ग स्थित त्रिफला राष्ट्रिय पुस्तकालय पूर्वाञ्चल शाखामा बुद्ध धर्मका विभिन्न गतिविधिका साथ वाचन र श्रवण कार्यक्रम सम्पन्न भयो । ८० जना भन्दा बढीको उपस्थितिमा ७ देखि १४ वर्ष सम्मका ७ जना बालबालिकाहरुलाई पुस्तकालय संस्थापक मान बज्रचार्यले उक्त कार्यक्रमको शुभारम्भ

गर्नु भएको थियो । जसमा १४ वर्षीय रामसजिवन शर्माद्वारा निग्रोध मृग जातक लेख वाचनबाट शुरु गर्नु भएको थियो । उक्त लेख प्रकास बज्राचार्यले लेख्नु भएको थियो भने उक्त रचना वर्ष १७ अङ्क १२ को बौद्ध मासिक धर्म कीर्ति पृष्ठ ३ मा प्रकाशित थियो ।

उक्त वाचन पछि परीक्षा लिदै अति उपदेशका रुपमा जीव माथि दया गर्ने चर्चाले पछिल्लो जन्ममा शुद्धोधनका पुत्रवनी लुम्बिनीमा जन्मेर तपस्याद्वारा सिद्धार्थ राजुकमार बुद्ध बनेर भगवान भएको उपमा दिदै मानबज्राचार्यले वाचक र श्रोता गणको मन उघारीदिनु भएको थियो ।

उक्त गोष्ठीमा भागलिने भाई बहिनीहरुको नाम यस प्रकार छ । सुजन थापा, सविना थापा, प्रकाश थापा, अरुणा झा, रामसजिवन शर्मा, मुकेश शर्मा, भूपेन्द्र कटुवाल थिए भने उक्त पुस्तकालयका संस्थापक मानबज्राचार्यलाई अभिवादन सहित प्रा. बेदनाथ घिमिरेले कबितात्मक अभिनन्दन पत्र पढेर समर्पण गर्नुभएको थियो ।

## बौद्धबिधि अनुसार बिवाह सम्पन्न

पाल्पा । तानसेनका बौद्ध उपासक विश्वमान बज्राचार्यकी सुपुत्री रोजी बज्राचार्यको तानसेन निवासी जुनु शाक्यको सुपुत्र प्रमोद शाक्यसँग बौद्ध बिधि अनुसार हालै बिवाह सम्पन्न भयो ।

सो बिवाह कार्यक्रममा भिक्षु कुमार काश्यप महास्थवीर, भिक्षु बिमलानन्द महास्थवीर, भिक्षु श्रद्धानन्द, भिक्षु सम्यक सम्वोधि प्राणपुत्र र भिक्षु कौण्डन्य लगायतको भिक्षु संघको उपस्थिति थियो ।

## विपश्यना ध्यान शिविर सम्पन्न

पोखरा । वर्माका भिक्षु ऊ. सुजनपियको निर्देशनमा धर्मशिला बुद्ध बिहारमा संचालित सत्तिपट्ठान ध्यान शिविर गत ८ गते सम्पन्न भो । सो ध्यान शिविर पुस १ गते देखि शुरु गरिएको थियो ।

अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र काठमाण्डौ र ध्यान शिविर व्यवस्थापन समिति, पोखराको आयोजनामा संचालित शिविरमा १८ जना साधक साधिकाहरुको सहभागिता रहेको थियो । सहभागीहरुमा सबभन्दा बढी उमेरका ७३ वर्षीया श्रीमाया श्रेष्ठ र सबभन्दा कम उमेरका श्रामणेर संघ रत्न भएको केन्द्रले जनाएको छ ।

अन्य सहभागीहरुमा गेहेन्द्रश्वर कोइराला, नन्द शाक्य, कृष्णमान गुभाजू, सन्त कुमारी बुद्धाचार्य, सुखलक्ष्मी शाक्य, चन्द्र लक्ष्मी गुभाजू, सगीता धाख्वा, गगा बुद्धाचार्य, गगा बस्नेत, रुद्र बहादुर थापा, माणिक रत्न शाक्य, जीत बहादुर जोशी, पुष्प उदास, शान्ति पौडेल, सिद्धार्थ गुरुङ्ग र अमृत गुरुङ्ग हुनुहुथ्यो ।

शिविरको समापन कार्यक्रममा प्रवचन गर्दै भिक्षु उ. सुजनपियले ध्यान बस्नेहरुले निर्वाण लाभको कामना गरी यसको अभ्यास गरिरहनु पर्ने बताउनु भयो । उहाँले एउटा शिविरबाट मात्रै सबै हुन्छन भन्नु हुँदैन, तर केही न केही उपलब्धी अवश्य हुन्छ, उहाँले भन्नु भयो ।

अन्तराष्ट्रिय बौद्ध भावना केन्द्रका उपाध्यक्ष हेमबहादुर शाक्यले यस्तो शिविरको आयोजना गर्दा आफ्नो केन्द्रले सक्दो योगदान गर्ने बताउनु भयो । उहाँले निकट भविष्यमा नै लुम्बिनीमा र त्यसपछि काठमाण्डौमा शिविर हुने भएकाले त्यसमा सहभागी हुन सबैलाई आमन्त्रण पनि गर्नुभयो ।

भिक्षु श्रद्धानन्दले ध्यानले जीवन पद्धतिलाई व्यवस्थित गर्ने भएकोले यसको निरन्तर अभ्यास हुनुपर्नेमा जोड दिनु भयो ।

धर्मशिला बुद्ध बिहारको तर्फबाट स्वागत भाषण गर्दै तिलकमान गुभाजूले ध्यानले मन र मष्तिस्कलाई स्वच्छ र स्निग्ध पार्ने कुरा बताउनु भयो भने व्यवस्थापन समितिका अध्यक्ष कृष्णमान गुभाजूले धन्यवाद ज्ञापन

गर्दै ध्यान भन्ने नितान्त व्यक्तिगत भएको उल्लेख गर्नुभयो ।

सहभागीहरुको तर्फबाट गेहेन्द्रश्वर कोइरालाले ध्यानको अभ्यासले अनुशासन कायम राख्न, विवेकशील र सम्यक दृष्टि राख्न सघाउ पुग्ने बताउनु भयो ।

सभामा व्यवस्थापन समितिका अध्यक्ष कृष्णमान गुभाजूले भिक्षु ऊ. सुजनपियलाई, सहभागीहरुको तर्फबाट श्रीमाया श्रेष्ठले सविता धाख्वा र अष्ट लक्ष्मी शाक्यलाई र तिलकमान गुभाजूले बौद्ध भावना केन्द्रका उपाध्यक्ष हेमबहादुर शाक्यलाई मायाको चिनो उपहार प्रदान गर्नुभएको थियो ।

सभाको संचालन व्यवस्थापन समितिका सचिव विक्रम उदासले गर्नु भएको थियो ।

## पोखरा विश्वशान्ति पूजा फागुन ८ गतेदेखि

पोखरा । बहुप्रतिक्षित पोखरा विश्वशान्ति पूजा आगामी फागुन ८ गते देखि १० गते सम्म अन्तराष्ट्रिय पर्वतीय संग्राहलयमा सम्पन्न हुने भएको छ ।

महामहिम धर्म गुरु ठूल्छीक रिम्पोछेज्यूको प्रमुख आतिथ्यमा सम्पन्न हुने सो पूजा अत्यन्त भव्य हुने कुरा आयोजकहरुले बताएका छन् ।

त्यसको लागि यहाँ हरिध्वज तुलाचनको अध्यक्ष्यतामा उप-कार्य कारीणी समिति, सल्लाहकार समिति, नौवटा उपसमितिहरु गठन गरिएका छन् । ती उप-समितिका संयोजकहरुमा वाङगेल लामा (लामा व्यवस्थापन) नरबहादुर शेरचन (सांस्कृतिक), रामबहादुर गुरुङ्ग (सुरक्षा), हरि प्रसाद गुरुङ्ग (बसोबास), होम विक्रम मल्ल (यातायात), तिलकमान गुभाजू (प्रचार प्रसार), शान्त बहादुर गुरुङ्ग (आर्थिक) प्रकाश उदास (स्वयं सेवक), सिद्धार्थ युथ क्लब (स्वास्थ्य) हनुहुन्छ ।



## नयाँ वर्ष छ्यू क्यू ल्हो *(Water Sheep Year)*



**भेंडावर्गको शुभकामना**

**(बि.सं. २०५९/०६० र मञ्जुश्री संवत् २८३९)**

२०५९/०६० नयाँवर्ष छ्यू क्यू ल्हो ***(Water Sheep Year)*** भेंडावर्गको पावन उपलक्ष्यमा सम्पूर्ण प्राणी जगतको सु-स्वास्थ्य, दीर्घायु तथा सम्वृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै यस पावन घडीले यहाँ र हामी बीचको सद्भावना तथा सौहार्दतामा पनि अझ प्रगाढता ल्याओस् ।

**श्री नेपाल लामा संघ**
**केन्द्रिय कार्यालय**
कास्की, पोखरा-१०, बुद्ध शान्तिमार्ग

**श्री नेपाल लामा संघ**
श्री हयो गुम्बा
लमजुङ शाखा

**टासी छ्योलिङ गुम्बा**
बुद्धशान्तिमार्ग, पोखरा-१०
*(लामा गोपालको गुम्बा)*

नोट - लुङ्दा, खता, मूर्तिको लागि झुङ (सूङ), सोक्सिङ, सूङदी, धार्मिक पुस्तकहरु श्री नेपाल लामा संघको कार्यालयमा उपलब्ध छ ।

# बौद्ध अर्घौं सदनको

## रजत जयन्ती को

शुभ उपलक्ष्यमा

विगत २४ वर्षदेखि सदनको लागि नगद, जिन्सी प्रदान गरेर
साधन र श्रोत जुटाएर तथा सर सल्लाह दिएर
सहयोग गर्नु हुने सम्पूर्ण दाताहरू, सहयोगीहरू

**तथा**

शुभ चिन्तकहरूमा हामी विनम्रतापूर्वक
हार्दिक आभार व्यक्त गर्दछौं

**र**

**सबैको सुख, शान्ति र सम्बृद्धिका लागि**
मङ्गलमय शुभ कामना
**व्यक्त गर्दछौं ।**



## बौद्ध अर्घौं सदन

गौतमबुद्ध मार्ग, पोखरा-१०



Wondershare PDFelement

# बधाई तथा शुभकामना



मोहरियाटोल स्थित कञ्चन आभूषणका संस्थापक तथा धर्म संघ बुद्ध विहारका पूर्व अध्यक्ष श्री वेदमान गुभाजू त्यस विहारको प्रतिष्ठा पूजा तथा पुनर्निर्मित विहारको उद्घाटन समारोहमा अभिनन्दित हुनु भएकोमा हामीलाई धेरै खुशी लागेको छ । यस उपलक्ष्यमा हामी अभिनन्दित व्यक्तित्व श्री वेदमान गुभाजूमा हार्दिक बधाई ज्ञापन गर्दछौं र उहाँको सुख, सु-स्वास्थ्य र उत्तरोत्तर उन्नति र प्रगतिको लागि मङ्गलमय कामना गर्दछौं ।

१) लिला गौतम
२) सचिन गहतराज
३) रामु सुन्चेउरी
४) विष्णु घिमिरे
५) गौतम बज्राचार्य
६) मन बहादुर घिमिरे
७) रंजीत कुण्डु
८) उत्तम कुण्डु
९) मगलमान गुभाजु
१०) विट्ठ धिवर
११) मनोज कुण्डु
१२) रामु पाल
१३) सोमनाथ पाल
१४) कात्तिक मण्डल
१५) शिवाजी बम्बेवाला
१६) झलक श्रेष्ठ
१७) नारायण
१८) बुद्धरत्न शाक्य
१९) प्रभात कार्की
२०) बेल बहादुर गौतम
२१) अमर गजमेर
२२) तमन सरकार

**कञ्चन आभूषण**
**मोहरिया टोल, पोखरा**

# हार्दिक बधाई तथा शुभकामना



पोखरा मोहरियाटोल स्थित बुद्धाचार्य गहना गृह (सुनचाँदी दुकान) तथा सभागृह चोक स्थित बुद्धाचार्य ज्वेलर्स (सुनचाँदी दुकान) का संस्थापक तथा नीति निर्देशक श्रीमान पुष्करमान बुद्धाचार्यलाई धर्म संघ बुद्ध विहारको प्रतिष्ठा पूजा तथा पुनर्निर्मित विहारको उद्घाटन समारोहमा संघबाट प्रशंसा-पत्र प्रदान गरी सम्मान गरिएकोमा हामीलाई धेरै खुशी लागेको छ । यस अवसरमा हामी उहाँलाई हार्दिक बधाई तथा शुभकामना ज्ञापन गर्दछौं ।

**कालीगढहरू:**

(१) विशाल लौहनी
(२) रमेश लोहनी
(३) मदन रसायली
(४) गोपाल (सल्यानी)
(५) राजकुमार हिमचुली
(६) गोपाल हिमचुली
(७) राम गहतराज
(८) नवराज गहतराज
(९) सन्तराम बराल
(१०) तारकनाथ जाना
(११) दिल वहादुर खड्का
(१२) कृष्ण मोह रसायली

**सेल्समेनहरू:**

(१) नारायण मरासेनी
(२) राममणी देवकोटा

## बुद्धाचार्य ज्वेलर्स

(सुनचाँदी दुकान)
सभागृह चौक, पोखरा
मोबाइल न. ९८६० २०१३१

## बुद्धाचार्य गहना गृह

(सुनचाँदी दुकान)
संगमचौक, मोहरियाटोल, पोखरा
फोन : २३९२१, २०७३१

# बधाई तथा शुभकामना



मोहरियाटोल स्थित कञ्चन आभूषणका संस्थापक तथा धर्म संघ बुद्ध विहारका पूर्व अध्यक्ष श्री वेदमान गुभाजू त्यस विहारको प्रतिष्ठा पूजा तथा पुनर्निर्मित विहारको उद्घाटन समारोहमा अभिनन्दित हुनु भएकोमा हामीलाई धेरै खुशी लागेको छ । यस उपलक्ष्यमा हामी अभिनन्दित व्यक्तित्व श्री वेदमान गुभाजूमा हार्दिक बधाई ज्ञापन गर्दछौं र उहाँको सुख, सु-स्वास्थ्य र उत्तरोत्तर उन्नति र प्रगतिको लागि मङ्गलमय कामना गर्दछौं ।

१) श्रीकृष्ण सुवेदी
२) सनत कुमार श्रेष्ठ
३) दल बहादुर शाक्य
४) ऋषिराम सुवेदी
५) निकेश मान गुभाजु
६) सरोज बज्राचार्य
७) सरोज सुवाल
८) किशन सिल्पाली
९) प्रविण बज्राचार्य
१०) यमलाल गुभाजु
११) लाल कुमार पौडेल
१२) काशी पौडेल
१३) रामु गहत
१४) ज्योतीन्द्र घिमिरे
१५) दिपक घिमिरे
१६) राजु बज्राचार्य
१७) प्रकाश गहतराज
१८) अर्जुन गहतराज
१९) विष्णु गहतराज
२०) तारा सिराज
२१) सन्तोष सुन्चेउरी
२२) दिपक गहतराज
२३) मोहन गहतराज

**कञ्चन आभूषण**
मोहरिया टोल, पोखरा